मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : ५३ ★ ने. सं. ११४४ चिल्ला थ्व, सप्तमी ★ शनिबार ★ ३ चैत, २०८० ★ March 16, 2024, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "एउटा मरेको माछाको कारण पोखरी दुर्गन्धित हुन्छ"



काठमाडौँ, २ चैत । आज केही सञ्चारमाध्यममा प्रकाशित भयो, 'माओवादी नेतासमेतको संरक्षणमा सुन तस्करी' र 'माओवादी नेताको सुन तस्करीसँग कनेक्सन रक्तचन्दन तस्करीकै बेला भएको थियो ।' यसमा माओवादीका को को नेता जोडिएका छन् । यसबारे प्रधानमन्त्रीलाई संसद्मा स्पष्ट गराउनु जरुरी छ ।

राजनीतिमा लाग्नु निःस्वार्थरूपले देश र जनताको सेवाको निम्ति हो । एउटा मरेको माछाको कारण पोखरी नै दुर्गन्धित हुन्छ । सरकारमा गएर ब्रह्मलुट र कानुनी एवम् गैरकानुनी डकैतीजस्तै भइरहेको बारे यो संसद्मा पटकपटक उठिरहेको छ । आज पनि शासक दलका सांसदहरूले उठाउनुभयो । शासक दलहरूमा त्यस्ता मरेका सर्पजस्तै गन्हाएका कति छन् ? शासक दलहरूले नै देखाउने हो कि जनताले देखाउने भन्ने प्रश्न पनि उठ्दै छ । आफैले पत्रु भनेकाहरूसँग मन्त्री खानु र उपप्रधानमन्त्रीको भिडमा मिसिनु तिहुनचखुवाजस्तै भएको र विकल्पको दाबी पुष्टि नहुने जनमत बढ्दो छ । 'कालो बादलभित्र चाँदीको घेरा हुन्छ' भनेझैँ शासक दलभित्र इमानदारहरू पनि हुनुपर्दछ । उहाँहरू यस्ता डकैती र ब्रह्मलुटको पिछलग्गू नभई स्वयम् एक शक्ति बनेर उठ्ने अपेक्षा गर्नु अस्वाभाविक नहोला ।

**नगरकोट र दुवाकोटको सडक कहिले बन्छ ?**

नगरकोट सडक नौ वर्षदेखि धुलाम्मे र हिलाम्मे छ । दुवाकोट सडक पाँच वर्षदेखि हिलाम्मे र धुलाम्मे छ । सम्बन्धित मन्त्रीहरू के गर्दै छन् ? स्पष्ट गर्न लगाउन जरुरी छ ।

**मेलम्ची खानेपानीको खर्बौं रूपैयाँ ऋण कहिले तिर्ने ?**

मेलम्ची खानेपानी आयोजना अधिक लागत हुनुमा सरकारी मन्त्री, अधिकारी, ठेकेदार, परामर्श संस्था जिम्मेवार भएको सार्वजनिक भयो । परामर्श सेवामा झन्डै २१ अर्ब ३७ करोड रूपैयाँ खर्च भएको खुलासा भयो । तर, यसमा कमिसन क-कसले खाए खुलासा भएको छैन, हुनु जरुरी छ । एसियाली विकास बैङ्कको १ खर्बभन्दा बढी ऋण लागत पुग्ने मेलम्ची आयोजनाको ऋण तिर्न ५० वर्ष लाग्ने पनि सार्वजनिक भयो । नेपाल ऋणको पहाडमा थिचिने पनि सार्वजनिक भयो ।

मेलम्चीको पानी सुरुङबाट सुन्दरीजल खसाई २५ मेगावाट विद्युत् उत्पादन गर्ने शासक दलहरूको भनाइ पनि झूटा साबित भयो । मेलम्चीको पानी ल्याएर काठमाडौँमा सडक धुने नारा सरकारमा गएकाहरूको 'दुहुनो गाई' भएको जनताको गुनासो छ । देशको सन्तुलित विकासलाई ध्यान दिई काठमाडौँ उपत्यकाको वरिपरिको जङ्गल संरक्षण गरी जलाधार क्षेत्र घोषणा गरिएको भए महँगो ऋणको मेलम्ची आयोजनाको नाममा ल्याइएको लगानी कृषि वा जलविद्युत्मा खर्च गरी देश आत्मनिर्भर बनाउन सकिने थियो वा त्यस्तो ऋणको पहाड बोक्न नपर्ने थियो । यसतर्फ सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

**युक्रेन युद्ध : अमेरिकी हतियार उद्योगीलाई नाफा !**

नेपाली युवालाई युक्रेन र रुसी सेनामा भर्तीमा पठाइएको सम्बन्धमा नेपाल सरकारले तेस्रो पटक रुसी दूतावासलाई कूटनीतिक नोट पठाएको समाचार प्रकाशित भयो । अमेरिकी हतियार उद्योगीले युक्रेनलाई हतियार बिक्री गरेको कारण यो युद्ध थप बल्झिएको पनि सार्वजनिक भयो । नेपाल सरकारले यसबारे अमेरिकी सरकारसँग छलफल गरी अमेरिकी हतियार बिक्रीमा रोक लगाउन भूमिका निर्वाह गर्नु जरुरी छ ।

*(२०८० चैत २ गते नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*


## Teachers Wanted

We are inviting application from well qualified, dynamic and enthusiastic candidates for the academic Year 2081.

| S.N. | Level | Subject | Qualification | Required |
|---|---|---|---|---|
| 1. | Kindergarten | | +2 Passed | 2 |
| 2. | Primary Level | Maths, science, English | +2 Passed | 6 |
| 3. | Lower Sec. | Social Studies | Bachelor Passed | 1 |
| | | Maths | Bachelor Passed | 1 |
| | | English | Bachelor Passed | 1 |
| 4. | Driver | | | 1 |

Interested Candidates may drop their CV along with a hand written letter by 12 Chaitra 2080.

**KHWOPRING ENGLISH ACADEMY (SEC.)**

Libali, Bhaktapur Municipality-8, ph: 01-6616416/5122010


## नेकाले नारा लगायो : गृहमन्त्री लामिछाने राजीनामा दे ! सहकारी पीडितहरूलाई न्याय दे !

काठमाडौँ, २ चैत । प्रतिनिधिसभाको बैठक सरु भएलगत्तै नेकाका सांसदहरू आ-आफ्नो स्थानमा उभिनुभयो । सभामुख देवराज घिमिरेले नेकाँको सांसद प्रदीप पौडेललाई बोल्न समय दिनुभयो ।

सांसद पौडेलले रास्वपाको तर्फबाट सत्ता गठबन्धनमा उपप्रधान एवम् गृहमन्त्री भएका रवी लामिछाने विगतमा प्रश्न उठाउने पत्रकारिताको पृष्ठभूमिबाट आएका र अहिले उनैमाथि प्रश्न उठिरहेको उल्लेख गर्दै ३१ हजार सहकारी संस्थाका ७३ लाख सदस्यमध्ये कतिपयको बचत ठगीमा परेको र गृहमन्त्री लामिछानेसमेत सहकारी ठगीको अनुसन्धानमा परेको हुँदा राजीनामा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले नेकासँगको गठबन्धनमा सुशासन कायम नभएको उल्लेख गर्नुभयो तर सहकारीको बचत ठगीमा अनुसन्धान गर्नुपर्ने गृहमन्त्री लामिछानेलाई सुशासनको ताला साँचो दिएर कसरी सुशासन कायम होला भनी प्रश्न उठाउनुभयो । सांसद पौडेलले गृहमन्त्री लामिछानेसमक्ष प्रमाण नष्ट भएको बताएको तर्फ प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

प्रधानमन्त्रीले प्रश्नै प्रश्नको घेरामा रहेका लामिछानेलाई गृहमन्त्री बनाएकोमा नेपाली काङ्ग्रेसको आपत्ति रहेको उल्लेख गर्दै सांसद पौडेलले विश्वसनीय जवाफ प्रधामन्त्रीबाट प्राप्त नभएसम्म संसद्मा बारम्बार उठाउने जानकारी गराउनुभयो ।

सभामुख घिमिरेले सरकारको ध्यानाकर्षण गराउँदै माओवादीका सुदन किराँती र एमालेका अमरबहादुर रायमाझीलाई बोल्न समय दिनुभयो ।

शून्य समयमा नेकाका अजयकुमार चौरासिया, अञ्जनी श्रेष्ठ, अनिशा नेपालीले सहकारी ठगीमा मुछिएका गृहमन्त्री लामिछानेको राजीनामा हुनुपर्ने र वित्तीय संस्थाले ब्याजलाई साँवामा जोडेर ऋण असुल गरेको रोक्नुपर्ने उल्लेख गर्नुभयो । नेकाकै सांसद अर्जुन नरसिंह केसीले देश तस्करहरूको महाजालोमा परेको र २०७५ सालको ईश्वर पौडेलको आयोगले साढे ३३ किलो सुन तस्करको ७५२ पृष्ठको प्रतिवेदन गायब पारियो । अहिले सुन तस्करकै ४८५ पृष्ठको डिल्लीराम प्रतिवेदन पेस भयो । गायब पार्ने काम नहुनुपर्ने र सबैभन्दा ठुलो भ्रष्टाचार एनसेल काण्डको प्रतिवेदन पनि लुकाएर राख्न नहुने सार्वजनिक गर्नुपर्ने पनि उहाँले उल्लेख गर्नुभयो ।

सभामुख घिमिरेले गृहमन्त्री रवि लामिछानेलाई राजनीतिक दलसम्बन्धी विधेयक २०८० मा छलफल गराउन प्रस्ताव पेस गराउन खोज्दा नेकाका सांसदहरू आ-आफ्नो स्थानमा उभिएर अवरोध गरे ।

नेकाका सांसद राजेन्द्र केसीले गृहमन्त्री रवि लामिछानेले सहकारी संस्थाको कतिपय पीडितहरूले रकम ठगी गरेका पीडक भएको उल्लेख गर्दै स्वर्णलक्ष्मी सहकारीका प्रबन्धक निर्देशक भएर ४६ लाख रूपैयाँ बिनाधितो गाडी कर्जा लिएको लामिछाने आज गृहमन्त्री भएकोले यसबारे प्रमबाट स्पष्ट नभएसम्म संसद अवरोध गर्ने उल्लेख गर्नुभयो ।

विशेष समयमा नेकाका सांसद केसीले माओवादीका पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनले आफ्नै निर्वाचनमा ५ रोपनी जग्गा किनेर आलिसान भवन बनाएर बसेको उल्लेख गर्दै अहिले पूर्वउपराष्ट्रपति पुनको सचिवालय नै सुन तस्करीमा मुछिएको अर्थमन्त्री वर्षमान पुनको पनि सुन तस्करसँग १९ पटक फोन वार्ता गरेको सार्वजनिक हुनुपर्नेमा जोड दिनुभयो ।

माओवादीका डिलराज पाण्डेले प्रम दाहालको जवाफ चैत ४ र ६ गते आउने कार्यसूची नै भएको हुँदा बैठक अवरोध गर्न नपर्ने उल्लेख गर्नुभयो ।

नेकाका प्रमुख सचेतक रमेश लेखकले छानबिनमा परेका मन्त्रीमा बस्न नहुने विषय हिजो प्रमुख विपक्षी एमालेको पनि अडान भएको उल्लेख गर्दै गृहमन्त्री

*बाँकी पृष्ठ ८ मा*

## समाज परिवर्तनमा लागे शोषणमा आधारित पुँजीवादी व्यवस्था छिट्टै ढल्ने



कैलाली, २ चैत । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कैलालीको जानकी गाउँपालिका वडा नं. ४ मुनुवा, कञ्चनपुरमा शुक्रबार महिला भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले विश्वका क्रान्तिकारी महिला नेतृत्वको जीवनीबाट शिक्षा लिँदै समाज परिवर्तनमा महिलाहरू लाग्नसके शोषणमा आधारित पुँजीवादी व्यवस्था छिट्टै ढाल्न सकिने बताउँदै चुनावबाट क्रान्ति हुन्छ भन्नु धोका र छलछाम, शोषण कायम गर्ने नियतमात्र भएको बताउनुभयो ।

उहाँले व्यापक कामदारवर्गका जनतालाई मार्क्सवादी शिक्षाबाट सङ्गठित बनाई सशस्त्र सङ्घर्षबाट मात्र क्रान्ति सफल हुन्छ भन्नुभयो ।

उहाँले आफ्नै बुद्धि, विवेक र बलमा क्रान्तिको तयारी गरेमात्र सफल हुने प्रस्ट पार्दै नेपाली गरिब महिलाहरू दाइजो, बोक्सी, छाउपडीलगायत अन्धविश्वस र कुरीतिका कारण ज्यानसमेत गुमाउन विवश हुनमा यो व्यवस्था र शासक दलहरू दोषी हुन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले कामदारवर्गका महिलालाई चेतना बाँड्दै हिँडेका बताउँदै बिरामी बा-आमा वा परिवारको सेवा गर्नुपर्ने समयमा युवाहरू विदेशमा दासजस्तै रगत पसिना बगाउन जान बाध्य हुनु पुँजीवादी व्यवस्थाका कारण हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "धनी झन्झन् धनी, गरिब झन्झन् गरिब हुँदै जाने यो व्यवस्थाको विरोधमा कामदारवर्गका जनता लाग्नुपर्ने र हामी सबै एकजुट हुनुपर्छ ।"

पुँजीपतिको लागि अहिलेको व्यवस्था स्वर्ग हो, कामदार वर्गको लागि यो व्यवस्था 'नर्क' हो उहाँले भन्नुभयो ।

नेमकिपा कैलाली जिल्ला अध्यक्ष रमेशकुमार रावलले हाम्रा युवाहरू विदेशमा जोखिमयुक्त काम गर्न विवश हुने र सस्तो ज्यामी बनाउन पठाउने सरकारहरू विकासमा बाधक भएको बताउनुभयो ।

उहाँले साम्राज्यवादी अमेरिकाको सहयोगमा युद्धमा लागेका युक्रेनको पक्षमा नेकाका शेरबहादुर देउवाले मत दिएका कारण देशमा महँगी बढेको बताउँदै प्रचण्डको गठबन्धनको सरकार पनि जनताको सेवामा नलागेको बताउनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# आधारभूत विद्यालयको रजत जयन्तीमा अवकाश प्राप्त शिक्षकहरूलाई सम्मान




भक्तपुर, २ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका जनशक्तिलाई दक्ष र सीपयुक्त बनाउन विभिन्न तालिम सञ्चालन गर्दै आइरहेको उल्लेख गर्दै प्रत्येक युवाहरूलाई विश्वविद्यालयको सर्टिफिकेटसँगै सीपमूलक ज्ञान दिने प्रयास गर्दै आएको बताउनुभयो ।

आधारभूत विद्यालय समिति भक्तपुरको २५ औं वार्षिकोत्सव ( रजत जयन्ती २०८०) को अवसरमा बुलेटिन विमोचन तथा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरका विद्यार्थीहरूलाई स्थानीय विषयमा अध्ययन अध्यापन गराउँदै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले युवाहरूलाई रु.५ लाखसम्मको उद्यमशीलता ऋणको व्यवस्था गर्दै आएको चर्चा गर्दै उहाँले भक्तपुर नपाले शिक्षा सँगसँगै व्यवहारिक र सीपमूलक तालिमलाई जोड दिँदै आएको बताउनुभयो ।

आधारभूत विद्यालयलाई राम्रो बनाउन विद्यालयको आवश्यकताअनुसारको भौतिक विकासको लागि आर्थिक सहयोग गर्दै आइरहेको बताउँदै उहाँले भक्तपुर नपा शिक्षामा धेरै लगानी गरेको नगरपालिका हो भन्नुभयो ।

आधारभूत विद्यालय समितिका अध्यक्ष दीपक माकले समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा समितिले विद्यार्थीको रुचि र चाहनाअनुसारका गतिविधिहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

नगर शिक्षा शाखा भक्तपुरका प्रमुख साधुराम फुयालले भक्तपुरको शिक्षा विकासमा आधारभूत विद्यालयको उल्लेखनीय भूमिका रहेको स्पष्ट पार्दै भक्तपुरको शिक्षा प्रगतिउन्मुख हुँदै गइरहेको बताउनुभयो ।

शिक्षा विकास तथा समन्वय एकाइ समितिका कल्पना ज्ञवालीले भक्तपुरले शिक्षा रूपान्तरणमा धेरै फड्को मारिसकेको बताउँदै विद्यार्थीलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक र सीपमूलक ज्ञान प्रदान गर्नु आजको आवश्यकता भएको बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई श्रम गर्न र श्रमको सम्मान गर्न सिकाउनुपर्छ भन्नुभयो ।

उक्त कार्यक्रममा आधारभूत विद्यालय समितिका सञ्चालक सदस्य पुष्पलाल सुजखू, शिक्षक प्रतिनिधि नरेन्द्रप्रसाद जोशी, समितिका उपाध्यक्ष तीर्थलक्ष्मी धन्छा र समितिका सदस्य सूर्यबहादुर फोंजुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले अवकाश प्राप्त शिक्षकहरूलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो । आधारभूत विद्यालय समितिको रजत जयन्तीको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापका विजयी विद्यार्थी र विद्यालयहरूलाई मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

# अन्तरनगर महिला कबड्डी खेलको क्वाटर फाइनल खेलको अन्तिम नतिजा



भक्तपुर, २ चैत । भक्तपुर नपाको आयोजनामा फागुन २९ गतेबाट सुरु भएको महिला कबड्डी प्रतियोगिताअन्तर्गत शुक्रबार भएको भक्तपुर नपा र पोखरा महानगरपालिकाबिच भएको क्वाटर फाइनलको खेलमा पोखराले भक्तपुरलाई २७-२४ ले पराजित गरेको छ । तीव्र प्रतिस्पर्धाबिच सञ्चालन भएको खेलमा भक्तपुर खेलबाट बाहिरिएको छ । सो खेलमा पोखराका बुद्धिमाया मगर म्यान अफ द म्याच घोषित भएका छन् ।

त्यस्तै पनौती नपा र बुटवल महानगरपालिकाबिचको खेलमा बुटवलले पनौतीलाई ४३-२६ ले पराजित गरेको छ । योसँगै पनौती खेलबाट बाहिरिएको छ । खेलमा बुटवलका विष्णु सोमरे मगर म्यान अफ द म्याच घोषित भएका छन् ।

त्यस्तै मेलौली नपा र काठमाडौँ महानगरपालिकाबिच भएको प्रतिस्पर्धामा मेलौलीले काठमाडौँलाई ५६-२४ ले पराजित गरेको छ । उक्त खेलमा मेलौलीका जयन्ती बडु म्यान अफ द म्याच घोषित भएकी छिन् ।

भीमदत्त नपा र महाकाली नपाबिचको खेलमा भीमदत्तले महाकालीलाई ५७-२१ ले पराजित गराएको छ । खेलमा भीमदत्तका सुजना सुनुवार म्यान अफ द म्याच घोषित भएका छन् ।

# प्रभातमा अध्ययन गोष्ठी




भक्तपुर, २ चैत । ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शुक्रबार प्रभात इङ्लिश सेकेन्डरी स्कूलमा पुस्तक अध्ययन गोष्ठी भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं प्रदेशसभा सदस्य सुजना सैंजूले महिलाहरू परिष्कृत र परिवर्तन हुनु आवश्यक भएको बताउँदै हामी व्यवस्थाको दास बन्नुभन्दा क्रान्तिकारी बन्नुपर्दछ भन्नुभयो ।

उहाँले क्रान्तिकारी महिलाहरूको लागि ८ मार्चको दिन कामदारवर्गको महिलाहरूको अधिकारको जग भएको बताउँदै मजदुरवर्गको मुक्ति वर्गसङ्घर्षले मात्र सम्भव छ; पुँजीवादी व्यवस्थाको कारण महिलाहरू शोषण, दमन र अत्याचारमा परेका हुन् भन्नुभयो ।

कर्मचारी समाजका अध्यक्ष गौतम लासिवाले श्रमिक महिला दिवस मनाउनुको अर्थ अन्तर्राष्ट्रिय महिला नेतृहरूको जीवनीबाट प्रेरणा लिएर अगाडि बढ्नुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “हाम्रो देश भारतीय विस्तारवाद, भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादका कारण देश सङ्कटमा परेको प्रस्ट्याउँदै अन्तर्राष्ट्रिय महिलाहरूको जीवनी अध्ययन गरेर उनीहरूको भावनाअनुसार शिक्षक/शिक्षिकाहरूले असल नागरिक, देशभक्तिपूर्ण नागरिक उत्पादन गर्ने शिक्षा दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापतिले पनि आफ्नो विचार राख्नुभएको थियो ।

पुस्तक अध्ययन गोष्ठीमा विद्यालयका शिक्षक/ शिक्षिकाहरू बुद्धलक्ष्मी गोर्खाली, अनिता न्हुच्छे, मीरा दुगुजु, राजकुमार साखकर्मी, सुमन नेपाली, पुष्पा अवाल, लिना लासिवा, सविना दथेपुथे र रोजिना डाखुसीले पनि बोल्नुभएको थियो ।

# शारदाको ७१ औँ वार्षिकोत्सवमा विद्यार्थीहरू पुरस्कृत

भक्तपुर, २ चैत । मानिसको जीवनमा सधैँभरि खुसियाली र उज्यालो मात्रै आउने गर्दैन । हरेक मानिसको जीवनमा विभिन्न उतारचढाव आउने गर्दछ । संस्थामा पनि बेलाबखत विभिन्न प्रकारका आरोह अवरोह आउने गर्दछ । जस्तो आरोह अवरोह वा घाम छाया आएपछि अविचलितरूपमा प्रगतिपथमा लम्किनु आवश्यक छ । यसरी लम्किनेले मात्रै सफलताको मिठो फल चुम्न सक्दछ ।

उक्त विचार शारदा माध्यमिक विद्यालयको आज सम्पन्न ७१ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले व्यक्त गर्नुभएको हो । अतिथि गोसाईंले मानव जीवनमा जस्तोसुकै कठिन अवस्था आए तापनि नअत्तालिकन संयमितताका साथ सामना गर्न सक्ने जीवन सफल हुने बताउँदै सबैले आफ्नो कर्तव्य वहन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले संस्थाको जीवन्तताको लागि मनैदेखि योगदान गर्नुपर्ने र मनकारी मानिससँग हातेमालो गर्दै सरोकारवाला सबैसँग सहकार्य गर्नुपर्छ भन्नुभयो ।

अतिथि गोसाईंले व्यवस्थापकसँग व्यवस्थापकीय गुण हुनु अनिवार्य भएको उल्लेख गर्दै हरेक मानिससँग कुनै न कुनै विशेषता या गुण हुने भएकोले क्षमता पहिचान गरी आफ्नो काममा दत्तचित्त भई लाग्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का वडा अध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका सदस्य हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाले व्यापक जनताको हितमा काम गरिरहेको स्पष्ट पार्दै शिक्षण प्रभावकारी बनाउन समय समयमा तालिम सञ्चालनमा ल्याएको, शैक्षिक पाठ्यक्रम समयानुकूल निर्माण गर्दै आएको, विद्यार्थीहरूका लागि शैक्षिक ऋण दिने र छात्रवृत्ति दिनेजस्ता उपयोगी कार्यक्रम ल्याएको जानकारी गराउनुभयो ।

विद्यालय अनुगमन समितिका संयोजक एवम् भक्तपुर नगरपालिका वडा नं. ५ का अध्यक्ष योगेन्द्रमान बिजुक्छेंले विद्यार्थीहरूलाई विद्यालयमा विद्यार्थीमैत्री वातावरण सृजना गर्नुपर्ने बताउँदै विद्यालयमा शिक्षकको र घरमा अभिभावकको व्यवहारले नै विद्यार्थीको सिकाइमा सकारात्मक परिवर्तन आउने विचार राख्नुभयो । उहाँले सरकारको कारण शिक्षाको गुणस्तर माथि उठ्न नसकेको धारणा राख्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् संयुक्त परीक्षा समितिका सदस्य गणेशराम थुसाले संविधानत: मा.वि. तह नि:शुल्क र आधारभूत तह अनिवार्य एवम् नि:शुल्क उल्लेख गरेको भए तापनि व्यवहारमा सोअनुसार नभएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् शिक्षक-अभिभावक सङ्घ शारदाका अध्यक्ष हिमालयश्वरलाल मूलले शैक्षिक सामग्री प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएको बताउँदै सामुदायिक विद्यालयहरूलाई अतिरिक्त क्रियाकलाप गर्न निकै चुनौती रहेको विचार व्यक्त गर्नुभयो । उहाँले पुँजीवादी व्यवस्थाले शिक्षामा धनी र गरिबबिच भेद सृजना गर्ने हुनाले सबैको हित हुने समाजवादी व्यवस्था अपरिहार्य रहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रोशनराज तुइतुइले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । भक्तपुर नगरपालिका शिक्षा शाखा प्रमुख साधुराम फुयाल, विद्यालयका शिक्षकहरू सुन्दर राजचल र चनादेवी श्रेष्ठलगायतले बोल्नुभएको थियो । ७१ औं वार्षिकोत्सव कार्यक्रममा २०८० सालमा कक्षागत प्रथम, द्वितीय र तृतीय हुन सफल ग्रेड नर्सरीदेखि कक्षा १२ सम्मका विद्यालयहरूलाई पुरस्कृत गर्नुका साथै २०७९ को एस.ई.ई. परीक्षामा सम्मिलित विद्यार्थीहरूको सम्मानमा मायाको चिनो प्रदान गरिएको थियो । यसैगरी उक्त कार्यक्रममा गजेन्द्र विज्ञान पुरस्कार छात्रतर्फ निशान राई र छात्रातर्फ निरुता मोक्तानलाई प्रदान गरिएको थियो भने वत्सलादेवी पुरस्कार छात्रा ऐश्वर्या पाण्डेलाई प्रदान गरिएको थियो ।

पुरस्कार वितरण कार्यक्रमपश्चात् सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

# किसान आन्दोलन नेमकिपाको जग

भक्तपुर, २ चैत । नेपाल क्रान्तिकारी किसान सङ्घको आयोजनामा बिहीबार किसान भेला भयो ।

उक्त कार्यक्रममा नेक्राकिसङ्घका केन्द्रीय सदस्य कान्छा बासुकलाले नेमकिपा किसान आन्दोलनको जगमा स्थापना भएको पार्टी बताउँदै अग्रजहरूको किसान आन्दोलनले गरेर जनताको जीवनस्तर उकास्न मद्दत पुगेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका नगर अध्यक्ष गंगाराम ज्याख्वले किसान समस्या हिजोभन्दा फरक ढङ्गले आएकोले किसानहरू सङ्गठनमा बसी काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एकाइ समितिका अध्यक्ष लक्ष्मीभक्त सिजख्वको सभापतित्वमा भएको भेलामा पार्टी समितिका जीआर थुसा र वडाध्यक्ष हरिराम सुवालले आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

भेलाले लक्ष्मीभक्त सिजख्वको अध्यक्षतामा नेपाल क्रान्तिकारी किसान सङ्घ साविक ५ नं. एकाइ पुनर्गठन गरियो ।

# ब्यासीमा कर्मचारी भेला

भक्तपुर, २ चैत । नेपाल मजदुर किसान पार्टी ब्यासी एकाइ समितिको आयोजनामा ब्यासीस्थित कर्मचारीहरूको भेला भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले कर्मचारीहरूले आफ्नो कर्तव्य, काम र अधिकार पालना गर्नु आवश्यक रहेको उल्लेख गर्दै कर्मचारीहरूले नागरिकको भूमिका निर्वाह गर्दै धूमपान र मद्यपानबाट टाढा रहनुपर्ने बताउनुभयो ।

कर्मचारीहरू भ्रष्टाचार, ढिलासुस्ती र अनियमिततामा लाग्न नहुने बताउँदै उहाँले वर्गीय राजनीतिबारे सुसूचित हुनुपर्ने आवश्यकता औँल्याउँदै नेमकिपा पुँजीवादी व्यवस्थालाई अन्त्य गरी समाजवादी व्यवस्था स्थापना गर्न कामदार जनताको हितको सङ्घर्षरत रहेको बताउनुभयो ।

स्थानीय गणेशप्रसाद सुवालले नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भ रहेको बताउनुभयो ।

कार्यक्रममा कृष्णराम पहि र सिद्धिराम सुवालले पनि बोल्नुभएको थियो । सिद्धिराम सुवालको संयोजकत्वमा ११ सदस्यीय नेपाल कर्मचारी समाज, ब्यासी एकाइ समिति गठन भयो ।

## हार्दिक समवेदना



जन्म
१९८९ असार

निधन
२०८०/११/२०

यस सी.टी.एल. फर्मासिटिकल्स प्रा.लि.का कर्मचारी राधाकृष्ण ढुङ्गेलका ममतामयी आमा **भगवती ढुङ्गेल**को स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघ**
सी.टी.एल. एकाइ समिति, भनपा-१, भक्तपुर

# सहकारीमार्फत कृषिमय गाउँ बन्यो सर्कुवा

गलकोट (बागलुङ), २ चैत । कुनै समय एउटा प्लास्टिक टनेल नभएको जैमिनी नगरपालिका-४ सर्कुवा गाउँमा अहिले ४२ मात्रै आधुनिक प्लास्टिक टनेल छन् । अस्थायी टनेल त्यो सङ्ख्याको दोब्बर छन् ।

बसाइँसराइले आक्रान्त बनेको गाउँ अहिले सहकारीमार्फत कृषिमय बन्दै आएको छ । यहाँ आउने हरेक कृषिका कार्यक्रम सर्कुवा गाउँको साना किसान कृषि सहकारी संस्थामार्फत हुँदै आएका छन् । सहकारीमार्फत उपकरण, तालिम र अनुदानको व्यवस्था मात्रै सहकारीले गरेको नभई आलु, बेसार र अदुवा आफैँ उत्पादन गर्दै आएको छ ।

मुख्यमन्त्री नमुना कृषि गाउँ कार्यक्रमसमेत सहकारीमार्फत २०७७ सालदेखि तीन वर्ष सहकारीमार्फत चलेको थियो । साना किसान कृषि सहकारी संस्थाले अदुवा, बेसार र आलुखेती गर्दै आएको छ भने कृषिका कार्यक्रमलाई किसानसँग सहकारीमार्फत जोड्दै आएको छ ।

विसं २०७९ मा स्थापना भएको सहकारीले सुरुआती चरणमा बचत तथा ऋृण कारोबारमात्रै गर्दै आएकामा पाँच वर्षयता उद्देश्यअनुरूप बेसार, अदुवा र एक वर्षयता आलुखेती गर्न थालेको साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष प्रभाकर पौडेलले जानकारी दिनुभयो ।

पाँच सय १६ शेयर सदस्य रहेको उक्त सहकारीमार्फत यहाँका किसानलाई कृषिमा प्रेरित गर्ने, अनुदानका कार्यक्रम ल्याउने र बजारीकरणमा सघाउने गर्दै आइएको छ । अध्यक्ष पौडेलले भन्नुभयो, "विसं २०७७ अघि सर्कुवामा प्लास्टिक टनेल थिएनन्, मुख्यमन्त्री नमुना कृषि गाउँ घोषणा भएपछि सहकारीमार्फत नै उक्त कार्यक्रम आएको थियो, सर्कुवा गाउँमा ४२ आधुनिक प्लास्टिक टनेल निर्माण गरिएको थियो, ७८ गोठको भकारो सुधार गरिएको थियो । एउटा प्लास्टिक टनेल नभएको गाउँमा अहिले कृषिको क्रान्ति नै आएको छ, सहकारीमार्फत अहिले ३० किसानले अदुवा र बेसार खेती गर्नुभएको छ, सहकारीमार्फत ३५ रोपनी जग्गामा यस वर्षदेखि आलुखेती गर्न थालिएको छ ।"

नगरपालिकाबाट अनुदानमा आएको अदुवा र बेसारको बीउ सहकारीमार्फत किसानलाई दिने र उत्पादनपछि ५० प्रतिशत बीउ फिर्ता लिने सहकारीको नीतिअनुसार किसान अदुवा तथा बेसारखेतीमा आकर्षित भएका छन् । किसानले बीउका लागि लगेको अदुवा र बेसार उत्पादनपछि ५० प्रतिशत फिर्ता गरेपछि सहकारीले उक्त बीउ पुन: बजारीकरण गरेर आम्दानी गर्दै आएको छ ।

यस वर्ष सहकारीले १३ क्विन्टल बेसार बिक्रीका लागि तयारी अवस्थामा राखेको छभने दुई क्विन्टल अदुवा नगरपालिकामार्फत बजारीकरण गर्ने भएको छ । मुख्यमन्त्री नमुना कृषि गाउँमार्फत साना किसान सहकारीमार्फत रु. ५२ लाख अनुदानबाट गाउँ कृषिमय हुन थालेको उहाँले बताउनुभयो ।

अहिले खायन आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत सहकारीले ३५ रोपनी जग्गामा आलुखेती गर्न थालेको र पहिलो चरणमा दुई मेट्रिकटन आलु उत्पादन गरेर बजारीकरणको तयारीमा जुटेको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । सहकारीमार्फत कृषि ज्ञान केन्द्रको रु. तीन लाख अनुदानमा पहिलोपटक ३५ रोपनी जग्गामा आलुखेती गरिएको छ । आलुखेतीका लागि कृषि ज्ञान केन्द्रले सहकारीलाई आलुको बीउदेखि सिँचाइको व्यवस्था मिलाएको थियो । रु. ४५ लाख शेयर पुँजी रहेको सहकारीको आफ्नै कार्यालय भवन र दुईजनालाई प्रत्यक्ष रोजगारीसमेत दिइएको छ ।

बसाइँसराइको समस्या रहेको उक्त स्थानमा सहकारीमार्फत कृषि थालेपछि यहाँका नागरिकलाई राहत मिलेको छ । यहाँका किसानले प्लास्टिक टनेलमार्फत उत्पादन गरेको टमाटर, काउली, साग र सिमी तथा सहकारीमार्फत उत्पादन गरिएको आलु, बेसार र अदुवाको बजारीकरणमा भने समस्या रहेको सर्कुवाका अगुवा किसान खगेन्द्र थापाले बताउनुभयो ।

सर्कुवाबाट बागलुङ बजार कुश्मा बजार टाढा रहेकाले बजारीकरणमा समस्या भएको उहाँको भनाइ छ । किसानले उत्पादन गरेको कृषि उपज बजारीकरणमा मात्रै ठुलो रकम खर्च भइरहेको नगर प्रमुख नरबहादुर पुनले बताउनुभयो । उहाँले बजारीकरणको मात्रै नगरपालिकाले जिम्मा लिन सक्ने हो भने उत्पादनमा किसान थप प्रेरित हुने जनाउँदै कृषि एम्बुलेन्सको अवधारण ल्याइने बताउनुभयो ।

पुनले भन्नुभयो, "किसानले उपभोग गरेरसमेत बाँकी रहेको कृषि उपजलाई बजारसम्म पुऱ्याउने, व्यावसायिक उत्पादनलाई सोझै बजार पठाउँदा बिचौलियाको अन्त्य हुनेछ । कृषि उपजको ढुवानीमा ठुलो रकम खर्च भइरहेको हामीले देखेका छौँ, नगरपालिकाले एउटा कृषि एम्बुलेन्स दिन सकेमा किसानले आफैँ व्यवस्थापन गरेर चलाउँदा आधाभन्दा सस्तो मूल्यमा बजार पठाउन सकिन्छ ।" सहकारीले उत्पादन गर्दै आएको बेसार र अदुवालाई सुकाएर बिक्री गर्नका लागि 'ड्राइ मेसिन' दिने नगरपालिकाको तयारी छ । ***रासस***

# साहित्यकारहरूको योगदान खेर जानेछैन




काठमाडौँ, २ चैत । नेपालभाषा साहित्य त:मुंज्याका पूर्वअध्यक्ष वासुदेव डंगोलको दोस्रो स्मृति सभा पाङ्गा लाछीमा शुक्रबार सम्पन्न भयो ।

नेपालभाषा साहित्य त:मुंज्या पाङ्गा कीर्तिपुरको आयोजनामा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वासुदेव डंगोलको जनसाहित्य, जनकलाकार साहित्यमार्फत गरेको सेवा र योगदान कहिले खेर जानेछैन भन्नुभयो । उहाँले वासुदेवको योगदान पाङ्गा कीर्तिपुर क्षेत्रमा मात्र होइन, देशकै लागि भएकोले उहाँको कृति जनतासमक्ष पुऱ्याउन सके उहाँप्रति वास्तविक श्रद्धाञ्जली हुने बताउनुभयो ।

उहाँले देशको राजनीतिक वितृष्णालाई पञ्चायती काल र गणतन्त्र कालसम्म तीखो प्रहार गर्ने वासुदेवबाट सिक्नुपर्ने भन्दै सिद्धान्तहीन गठबन्धनबाट नेपाली जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्या पाङ्गा कीर्तिपुरका सचिव नारायण महर्जनले वासुदेव डंगोलको राजनैतिक, सामाजिक तथा सांस्कृतिक योगदानबाट शिक्षा लिनुपर्ने विचार प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "डंगोल अन्यायविरुद्ध सङ्घर्ष गर्न शिक्षा दिने व्यक्तित्व हुन् भन्नुभयो ।

वासुका भतिज परमेश्वर डंगोलले मेरो जीवनलाई सहज बनाउने काममा मार्गनिर्देशक हुन भन्दै एउटा गीत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा त:मुंज्याका सदस्य विन्द्रा महर्जनले वासुदेव डंगोलको जीवनी प्रस्तुत गर्नुभएको थियो भने सभापति एवम् त:मुंज्याका अध्यक्ष श्रीकृष्ण महर्जनले समाजप्रतिको सेवा भावलाई सधैँ सम्झिरहने बताउनुभयो ।

सांसद गोसाईले डंगोलको स्मृतिमा प्रकाशित डंगोलको कवितासङ्ग्रह 'विरहया ख्वबीं प्यागु थ्व मिखा' नामक पुस्तक विमोचन गर्नुभएको थियो ।

कार्यक्रममा वासुदेव डंगोलको तस्बिरमा माल्यार्पण र पुष्पगुच्छा चढाई श्रद्धा सुमनअर्पण गरिएको थियो भने मनुषा महर्जनले पनि बोल्नुभएको थियो ।

# विदेश जानेको पीडा : यूएई पुगेका १९ नेपाली अलपत्र

खोटाङ, २ चैत । जन्तेढुङ्गा गाउँपालिका-५ चिसापानीका राजकुमार राई फेब्रुअरी १० तथा पर्शुराम राई फेब्रुअरी २३ का दिनमा वैदेशिक रोजगारीको सिलसिलामा संयुक्त अरब इमिरेट्स (युएई) पुग्नुभएको थियो । एकाघरका दाजुभाइ (पर्शुराम दाजु र राजकुमार भाइ) धन कमाउने सपनामा ऋृण काढेर मेची इन्टरनेसनल ओभर्सिज प्रालि काठमाडौँमार्फत चार महिनाअघि युएई पुग्नुभएको हो ।

प्रतिव्यक्ति रु. एक लाख ९९ हजारका दरले एजेन्टलाई धरौटी रकम बुझाएर युएई पुग्नुभएका राई दाजुभाइसहित १९ नेपाली युवा तोकिएको काम र दाम नपाउँदा अहिले अलपत्र परेका छन् । कामदार करारनामा अनुसारको काम र पारिश्रमिक नपाउँदा उनीहरूसँगै सुर्खेतका भविष्य जिसी, पाल्पा तिनाउका देवसिं सुनारीमगर, उदयपुर गाईघाटका किशोर खत्री, गुल्मी मुसिकोटका हिमाल सरतुङ्गे, कालीकोटका जितेन्द्र शाही, नवलपरासीका सुनिल श्रेष्ठ, मोरङका करन सरदार, तेह्रथुमका लक्ष्मीप्रसाद दुलाल, दैलेखका मनबहादुर शाही, झापाका मिश्रीलाल दास, धादिङका तिलकबहादुर सुनार, सिन्धुपाल्चोकका खड्कबहादुर श्रेष्ठ, उदयपुरका मानबहादुर कार्की, गोरखाका आशबहादुर गुरुङ, मोरङका पदम नेपाल, नुवाकोटका लाक्पा तामाङ र कपिलवस्तुका मनोज थारु चार महिनादेखि अलपत्र परेका हुन् ।

वैदेशिक रोजगारीका नाममा ठगीमा परेका १९ नेपाली युवाले म्यानपावरबाट साँवा-ब्याज फिर्ता हुने गरी उद्धारको पहल गरिदिन सञ्चारमाध्यमलाई अनुरोध गरिरहेका छन् । सरसफाइ कर्मचारीका काममा लगाउने भन्दै ती युवालाई फरक-फरक मितिमा युनिक स्टार जेनेरल सेक्युरिटी गार्ड सर्भिस र नुर अल अफसा जेनेरल क्लिनिक सर्भिस कम्पनीमा लगिएको थियो । सम्झौतापत्रमा उल्लेख भएको कम्पनीमा नलगी अन्यत्र राखेर फरक-फरक काममा लगाउने गरेको उनीहरूले बताएका छन् ।

अलपत्र परेका १९ नेपाली युवामध्ये १२ जनालाई सार्जा सेफजोन भन्ने ठाउँमा गोदामजस्तो घरमा राखेको बताइएको छ । अन्य सात युवा अन्यत्र राखिएका छन् । म्यानपावर व्यवसायी राजकुमार चौधरी, श्याम विश्वकर्मा, निराजन पाण्डे, सन्दीप वाग्ले, शम्भुदास ताती र कुमार तामाङलाई रु. एक लाख ३५ हजारदेखि रु. दुई लाख २० हजार तिरेर युएई पुगेको उनीहरू बताउँछन् ।

ऋृण काढेर युएई पुगेका युवालाई कहिले स्कूलमा, कहिले मस्जिदमा, कहिले सडक, कहिले सोफा कम्पनीमा ७०/८० किलोको भारी उचाल्ने काम गर्न पठाउने गरिएको छ । नियास नाम गरेका भारतीय र नेपालका सञ्जय थापाले अरू कम्पनीमा काम खोजेर केही दिन काम लगाउने तथा काम नभेटेसम्म कोठामै राख्ने गरेका छन् ।

काम नगरेको दिन आफ्नै खर्चमा खाँदै बस्नुपरेको पर्शुरामले भिडियोमार्फत बताउनुभएको छ । पर्शुराम र धादिङका तिलकबहादुर सुनार फागुन ११ गते तथा अन्य युवा चार महिना युएई पुगेका हुन् ।

पर्शुरामले भन्नुभयो, "यहाँ हामीलाई गोदामजस्तो ठाउँमा राखेको छ, अनि जता-जता काम पाउँछ, त्यतै सम्पर्क गरेर पठाउँछ, कहिले १० दिन काम गर्न लगाएर बाँकी कोठामै राख्छ । अहिलेसम्म कम्पनी हेर्न पाएको छैन, गुगलमा खोजी गर्दा पनि भेटिन्न, त्यही कम्पनीमा लैजाउभन्दा तिमीहरूलाई पैसा खर्च गरेर ल्याएको हो, जे भन्छु त्यही गर भन्छ, धेरै बोलिस् भने एकान्त बाटोमा लगेर छाडिदिन्छु भन्दै धम्क्याउँछ, नेपालतिर कसैलाई सुनाइस् भने पैसा काटिदिन्छु भन्ने गरेको छ, अलपत्र अवस्थामा रहेको हामीलाई तत्काल उद्धारका लागि सम्बन्धित निकायले पहल गरिदिनुपऱ्यो ।"

काम र दाम नपाउँदा केही दिनअघि मात्रै तीन दिनसम्म भोकै बस्न बाध्य बनेको उनीहरूले बताएका छन् । पर्शुरामले भन्नुभयो, "खर्च माग्दा नेपालबाट मगाएर खाउ भन्ने गरेका छन्, घरमा सम्पर्क गरेको थाहा पायो भने अर्कै ठाउँ लैजान्छ, उनीहरू जीवित छन् या मरिसके अत्तोपत्तो छैन । प्रहरीसँगको सहयोगमा दूतावास जाने तयारी गरिरहेका छौँ, कतिपय युवाले तीन महिनाको तलब पाएका छैनन्, बिरामी परेको समयमा आराम गर्नसमेत नदिई काममा पठाउने गरेका छन्, राहदानी फिर्ता माग्दा पनि दिँदैन ।"

नेपालस्थित म्यानपावरलाई सम्पर्क गर्दा बेवास्ता गर्ने गरेको पीडित युवाको गुनासो छ । पर्शुराम र राजकुमारको धरौटी रकम बुझेका सन्दीप वाग्लेको र समन्वय गर्ने निराजन पाण्डेको मोबाइल बन्द रहेको छ । उनीहरूले फरक-फरक नम्बर प्रयोग गर्दै भाइबरमार्फत आफूहरूलाई धम्क्याउने गरेको पीडित युवाले बताएका छन् । ***रासस***

# धितोको मूल्याङ्कनभन्दा अधिक कर्जा प्रवाह प्रकरणमा दोस्रो चरणको अनुसन्धान सुरु

काठमाडौँ, २ चैत । धितोको मूल्याङ्कनभन्दा अधिक कर्जा प्रवाह प्रकरण (बैङ्किङ कसुर) मा मुछिएका १० बैङ्करमाथि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबीले) दोस्रो चरणको अनुसन्धान सुरु गरेको छ ।

सीआइबीका प्रवक्ता, प्रहरी उपरीक्षक होविन्द्र बोगटीले नेपाल राष्ट्र बैङ्ककै विज्ञ टोलीबाट सो प्रकरणमा मुछिएका १० बैङ्करको सम्बन्धमा पहिलो चरणको अनुसन्धान सकेर दोस्रो चरणको अनुसन्धान थालिएको जानकारी दिनुभयो ।

तत्कालीन सेञ्चुरी कमर्सियल बैङ्करले मिलेमतोमा धितोको मूल्याङ्कनभन्दा अधिक कर्जा प्रवाह गरेको आरोपमा परेको उजुरीमाथि अहिले सीआइबीले अनुसन्धान गरिरहेको छ । सो प्रकरणमा पक्राउ परेका प्रभु बैङ्करका वरिष्ठ डेपुटी सीईओ मनोज न्यौपानेसहितका १० बैङ्कर हाजिरी जमानीमा छुटिसकेका छन् ।

प्रहरी उपरीक्षक बोगटीले भन्नुभयो, "व्यवहारिकरूपमा कानुनले दिएको अधिकार प्रयोग गरेर अहिले उहाँहरूलाई दैनिक हाजिरी जमानीमा छाडेका छौँ, शुक्रबारदेखि बिहान १० बजे आउनुहुन्छ र साँझ ५ बजे जानुहुन्छ, तर अनुसन्धान टुङ्गिएको पनि होइन । अनुसन्धान लामो हुने भएकाले थुना बाहिर राखेर अनुसन्धान गर्ने अधिकार अनुसन्धान अधिकारीलाई छ, सोहीअनुसार गरिएको हो ।"

गत फागुन १५ गते पक्राउ गरेका बैङ्करलाई ब्यूरोले १७ दिन हिरासतमा राखेर प्रारम्भिक अनुसन्धान गरेको थियो । गत फागुन २९ गते थप पाँच दिन हिरासतमा राख्न ब्यूरोले अदालतबाट अनुमति पाएको थियो । ***रासस***

# रौतहटमा गोली प्रहार गरी भाग्दै गरेका तीन पक्राउ

काठमाडौँ, २ चैत । रौटहटको परोहा नगरपालिका-९ स्थित शिव मनि ट्रान्सफरका सञ्चालकलाई गोली हानी भाग्दै गरेका तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

शुक्रबार अपराह्न १ बजेतिर आइएमई सञ्चालक २४ वर्षीय नितेश साहलाई गोली हानी भाग्दै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट रामपुरखापबाट खटिइएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

घटना संलग्न भारत विहार पूर्वी चम्पारण मोतिहारी दीपही-२ बस्ने १८ वर्षीय किशोरसहित तीन जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । काउन्टरमा काम गरिरहेको अवस्थामा उनीहरूले सञ्चालक साहमाथि गोली प्रहार गरी फरार भएका थिए । गोली प्रहारबाट मनि ट्रान्सफर सञ्चालक साह घाइते हुनुभएको छ । प्रादेशिक अस्पताल गौरमा सामान्य उपचारपश्चात उहाँलाई वीरगन्ज रिफर गरिएको छ ।

नेपाल-भारत सीमा क्षेत्रस्थित घिउरा नाकामा खटिइएका सशस्त्र प्रहरी हवल्दार लक्ष्मणसिंह ठगुन्नासहितको टोली र प्रहरी चौकी जयनगरबाट खटिएको टोलीले मोटरसाइकलमा भाग्दै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको सशस्त्र प्रहरीका सहप्रवक्ता प्रहरी नायब निरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

प्रहरीले उनीहरूका साथबाट एक नाल कट्टुवा पेस्तोल र बिआर ०६ सिएल ९७९६ नम्बरको भारतीय मोटरसाइकलसमेत बरामद गरेको छ । ***रासस***

। सम्पादकीय ।

## शासक दलहरूकै कारण उद्योगी र व्यापारीहरूबाट देशलाई आर्थिक सङ्कटको पूर्वाभ्यास

'अविश्वासको खम्बामा निर्मित विश्वासको महल' शीर्षकमा 'राजधानी दैनिक' ले प्रचण्ड अर्थात् वर्तमान प्रधानमन्त्रीले १५ महिनाको अवधिमा तीनपटक विश्वासको मत लिए, पहिलोपटक २६८ मत, दोस्रोपटकको १७२ मत थियो भने अहिले तेस्रोपटकको विश्वासको मत १५७ मात्र थियो। *(राजधानी, २ चैत, २०८०)*

राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन र संसद्को निर्वाचनमा हुने मतदानमा एकै मतले पनि बढी भएमा बहुमत वा विजयी घोषणा गर्ने प्रचलन चालु छ- चाहे त्यो निर्वाचन आयोगले गरेको निर्वाचनमा लागु गरेको आचारसंहिताको उल्लङ्घन होस् वा निर्वाचन ऐन-कानुनको विरोधमा पैसा, सामान बाँडेर वा भोजभतेरमार्फत मत दिन लाचार गरेको होस् वा मन्त्री पदको लोभलालच वा अन्य विकास निर्माण एवम् ठेक्कापट्टा वा कुनै सरकारी पदको आश्वासन दिएर होस्।

निरङ्कुश राजतन्त्र वा संरा अमेरिकाको जस्तो बलको आधारमा आफ्नै देश र विदेशका धेरै देशमा आफ्नो प्रभावको बलमा होस्, अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) को जालसाजी र अपराधी उपाय प्रयोग गरेर होस् वा प्रजातन्त्रको नाममा झ्याली पिटेर होस्, हारजीतको घोषणा गर्दै आएको होस्।

तर, सच्चाइ के हो भने देशको वर्तमान समस्याको समाधान जसरी झारफुक र धामीझाँक्रीहरूले देखिएका रोगहरूको उपचार हुँदैनन्। त्यस्तै, सिद्धान्तहीन राजनीति र उद्देश्यहीन विकासको नाटकले पुँजीवादी गाडी चढेर समाजवादी समाजको निर्माणमा सफलता प्राप्त हुँदैन। जनतालाई शासक दलहरूले दिएको प्रजातन्त्र र गणतन्त्र पनि जनताले अनुभव गर्ने छैनन्। धोका दिनु र झूटा आश्वासनबाट जनतालाई रणभुल्लमा पार्ने काम एक सानो सीमासम्म मात्रै सम्भव छ।

यसकारण, अमूर्त राजनीतिको खिचडी पकाएर आधुनिक रात्रिभोजको नक्कल गर्नु 'राजाको नयाँ लुगा' मात्रै साबित हुनेछ शासक दलका नेताहरू ! शासक दलहरूको अराजनैतिक गतिविधि, सिद्धान्तहीन काम कारबाहीकै कारण उद्योग-व्यापारीहरूको आर्थिक सङ्कट चर्कंदै छ।

**पुँजीवादी व्यवस्थाको ऐन ठगीको एक उदाहरण**

'राजस्व छल्न सफल प्लाई उद्योगको बीमा कम्पनी डुबाउने दाउ', 'पक्का जोगाएर कच्चा पदार्थमा आगलागी' र 'भगवती लेमिनेट्सको आगलागी शङ्कास्पद' शीर्षकले पुँजीवादी व्यवस्थामा कसरी पुँजीपतिवर्गले देश र जनतालाई धोखा दिएर करोडपति र अरबपति बन्छन् भन्ने एक अपराधको उदाहरण हो। *(राजधानी, २ चैत, २०८०)*

"२५ करोड राजस्व हिनामिना हुँदा पनि मिलेमतो र सेटिङमा ३२ लाखमात्र तिरेर राजस्व छल्न सफल भएको भगवती लेमिनेट्समा गत सोमबार भएको आगलागीलाई पनि शङ्कास्पद तवरले हेरिएको छ।"

झापा मेचीनगरस्थित ज्यामिरगढीमा रहेको प्लाई उद्योग भगवती लेमिनेट्सले बीमा रकम हत्याउनका लागि योजनाबद्ध तवरमा आगो लगाएको शङ्का गरिएको छ। तयारी सामानहरू सुरक्षित ठाउँमा राखेर आगलागी गराइएको र आठवटा दमकललाई पनि आगो नियन्त्रणमा लिन हम्मेहम्मे पारेर अन्य कच्चा पदार्थ र संरचना ध्वस्त पारेको आरोप लागेको छ। कच्चा पदार्थका रूपमा रहेका केही काठसहित संरचना जलेको र भगवती लेमिनेट्सको प्लाई उद्योगका मुख्य संरचनाहरू जलेर काम नलाग्ने भएको प्रहरीले उल्लेख गरेको छ। सो भगवती लेमिनेट्समा हुने गरेको कच्चा र पक्का बिलको कारोबार र राजस्व विभागको छानबिनलाई समेत छलेर करोडौँ हिनामिना गरेको अवस्थामा थप अनुसन्धान नहोस् भनेर छल्ने र बीमाबापत करोडौँ आउने भएपछि खाली गोदाममा केही काठ राखेर आगलागी गराइएको स्रोतको दाबी छ।

'चामलको ठाउँमा भुस हालेर बैङ्कको गोदाममा आगो लगाई चामलको पैसा लिने' र भएको पत्रु सामानमा आगो लगाई बीमा पैसा लिने र राजस्व छल्दै भन्सार छल्दै व्यापार गरी देश डुबाउने उद्योगपति र व्यापारीहरूकै बेइमानीले देशको अर्थतन्त्र धुजाधुजा परेको छ। तातोपानी भन्सारमा १०-११ महिनादेखि गोदाममा मल त्यसै राखी नेपाली सामान तिब्बत पठाउने ठाउँ नदिने र चिनियाँ सामान नेपाल ल्याई राख्ने ठाउँ नदिने जालसाजीलाई नेपाली र नेपाली जनताविरोधी देशद्रोही र जनद्रोहीको मुद्दा लगाएर त्यस्ता उद्योगी र व्यापारीहरूलाई काठमाडौँको टुँडिखेलमा ल्याएर जनतालाई चिनाउनुपर्ने देखिन्छ भनी व्यापक चर्चा छ।

# नयाँ गठबन्धन: अवसरवादीहरूको नाङ्गो नाच !

✍ विवेक

नेपालको राजनीतिमा प्रधानमन्त्रीको भाषामा फेरि एक पटक 'उथुलपुथल' भयो । ९ महिनाअघि गठित नेपाली काङ्ग्रेससँगको गठबन्धन भत्काएर फागुन २१ गते माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले एमालेसँग मिलेर नयाँ सरकार गठन गर्न ८ बुँदे सहमति गरे। अघिल्लो दिनसम्म नेताहरू एकले अर्काको नाम लिनुसम्म पनि 'अपवित्र' ठान्थे। ती नेताहरू एकाएक कसरी मिल्न पुगे ?

आफू सरकारको नेतृत्वमा बसिरहन जस्तोसुकै कदम चाल्न तयार हुने प्रचण्डले नेकासँगको गठबन्धन तोड्नुमा नेकालाई नै दोष दिएका छन्। उनले राष्ट्रिय सभा निर्वाचनमा कोसी प्रदेशमा माओवादी उम्मेदवार हार्नु, नेका महासमितिले आगामी निर्वाचनमा कसैसँग गठबन्धन नगर्ने नीति पारित गर्नु, हिन्दू धर्मको पक्षमा हस्ताक्षर सङ्कलन गर्नु, महासमितिको प्रतिवेदनमा माओवादी सशस्त्र सङ्घर्षलाई 'दानवीकरण' को रूपमा प्रस्तुत गर्नु र राष्ट्रिय सभा अध्यक्ष माओवादीलाई नदिने अडान राख्नुलाई गठबन्धन फेर्नु पर्नाका कारणहरू बताएका छन्।

बाहिर जेजस्तो देखिए पनि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनहरू पारित गर्नु नै प्रचण्डको मुख्य समस्या थियो। बेलाबखत नेकाका नेताहरूले दिने गरेको अभिव्यक्तिलाई काङ्ग्रेस सांसदहरूले त्यसमा साथ दिएकोमा प्रचण्डलाई शङ्का हुनु स्वाभाविक थियो। सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकहरू पारित गर्न प्रचण्डले भरपर्दो मित्र एमालेलाई नै देखे। समय समयमा प्रचण्ड एमाले अध्यक्ष ओली निवासमा गएर सहमति गर्न दौडिनुको पछाडि यही कारण हो। एमालेले नेकासँगको गठबन्धन तोड्ने सर्तमा सहमति गरेको हुनसक्ने व्यवहारले पुष्टि गर्दछ।

एमाले नेकासँगको गठबन्धन तोड्न निरन्तर लागेको थियो। एमालेका नेताहरू कहिले शेरबहादुर देउवासँग त कहिले प्रचण्डसँग गोप्य छलफलमा रहेको कुरा देउवा स्वयम्ले पछि स्वीकार गरे। गठबन्धन भत्काउने एमालेको योजना अहिलेको लागि पूरा भएको छ तर सिद्धान्त र विचारविना कुर्सीको लागि भएको गठबन्धन कति समय टिक्छ त्यो भने अनिश्चित छ।

प्रचण्ड आफू प्रधानमन्त्री भइरहन पाए देश र जनताको मतलब नराख्ने र पार्टीको सिद्धान्त र विचारलाई धुलोमा मिलाउन तयार हुने चरम व्यक्तिवादी र अवसरवादी भएको पछिल्लो घटनाले फेरि एक पटक पुष्टि गर्‍यो। उनी आफ्नो पार्टी एक्लै चुनाव लडेर जित्न नसक्ने देखेपछि २०७९ सालमा नेकासँग मिलेर चुनाव लडे। नेकाको सहयोग पाएर ३२ स्थानमा जिते। प्रधानमन्त्री नपाउने भएपछि नेकासँगको गठबन्धन तोडे। उनी आफ्नो कट्टर 'दुश्मन' केपी ओलीको साथ पाएर प्रधानमन्त्री बन्न सफल पनि भए तर त्यो पनि दुई महिनाभन्दा बढी टिकेन। राष्ट्रपति निर्वाचनसम्म आइपुग्दा प्रचण्ड पुन: एमालेलाई लात मारेर नेकासँगै गठबन्धन गर्न पुगे। यो राजनैतिक अस्थिरताले व्यक्तिगतरूपमा प्रचण्डलाई फाइदा पुगे पनि देश र जनतालाई भने धेरै क्षति पुगेको छ। रूपमा नेका र एमालेलाई पटक पटक धोखा दिएको देखिए पनि सारमा देश र जनतालाई धोखा हो। राजनैतिक अस्थिरता सिर्जना गरी देशलाई ध्वस्त पार्न चाहने साम्राज्यवादी र विस्तारवादीहरूको चङ्गुलमा प्रधानमन्त्री फस्दै छन् भने स्पष्ट हुँदै छ।

उनले 'आफू नमरुञ्जेल उथलपुथल गरिरहने' बताए। नेपाली जनताले प्रचण्डले वर्षको २-३ पटक यसरी नै देशमा 'उथलपुथल' गरिरहने हो भने देशको विकासले गति कहिले लिने ? अहिलेको गठबन्धनमा एमाले ७७, माओवादी ३२, रास्वपा २१, एकीकृत समाजवादी १०, जसपा १२ गरी कुल १५२ सीट पुगेको छ। यो सङ्ख्या सरकार गठनको लागि चाहिने १३८ सीटभन्दा बढी हो। कुनै पनि बेला गठबन्धन भत्किन सक्ने सम्भावना भने त्यत्तिकै छ।

नेकासँग गठबन्धनमा रहँदा प्रचण्डले केपी ओलीलाई 'भैंडा' सम्म भन्न भ्याएका थिए भने केपी ओलीले '१७ हजारको हत्यारा' भन्न पनि पछि परेनन्। 'भेडा' र 'हत्यारा' बिचको मिलन कुर्सी स्वार्थका कारण नै सम्भव भएको हो। नेताहरू मिले पनि ती नेताहरूले विगतमा एकले अर्कालाई गरेको सत्तोसराप जनताले बिर्सेका छैनन्। अझ केपी ओली त माधव नेपालको नामसम्म सुन्न चाहँदैनथे। माधव नेपालको सन्दर्भमा ओलीले भनेका थिए, "माधव नेपालको नाम लिएर म एकछिन पछि मुख कुल्ला गर्छु।' तर, अहिले उही ओली उही नेपालको घरमै पुगेर साथ दिन बिन्तीभाउ गर्न पुगे। माधव नेपालले पनि सरकारमा सहभागिता जनाउने सहमति गरेका छन्। अनैतिकताको हद !

यो हदसम्म लाजसरम नभएका 'पाखण्डी' नेताहरूले देशको नेतृत्व सम्हाल्दै गर्दा ती नेताहरूका आसेपासेहरूबाहेक कुन नेपाली खुसी होलान् ? यस्तै कार्यशैलीबाट जनता वाक्कदिक्क भएर गएको निर्वाचनमा स्वतन्त्र पार्टीका उम्मेदवारहरू जितेका हुन्। पार्टी दर्ता भएको १ वर्ष नपुगेको पार्टीलाई जनताले नेका, एमाले र माओवादीको विकल्पको रूपमा स्वतन्त्र पार्टीलाई २१ सीट जिताएर देखाए। अझै पनि ती शासक दलका नेताहरू चेतेनन्। जनताले स्वतन्त्र पार्टी राम्रो भएर होइन कि नेका र एमाले नराम्रा भएर त्यसको विकल्प खोजेका हुन्।

स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले अन्य दलहरूको सम्बन्धमा भनेका थिए, "नेका, एमाले र माओवादी सबै मिलून्। हामी २०८४ अघि कोहीसँग मिल्दैनौँ।" वर्तमान गठबन्धनमा लामिछाने पनि गृहमन्त्री पाउन जनतालाई विश्वासघात गर्न पछि नपर्ने व्यक्ति हुन् भन्ने प्रमाणित भएको छ।

माधव नेपालको एकीकृत समाजवादी पार्टी अस्तित्वको सङ्कटमा छ। त्यस पार्टीको भविष्य नदेखेर धेरै केन्द्रीय सदस्यहरू एमालेमा प्रवेश गरिसकेका छन्। उनका विश्वास पात्रहरू रामकुमारी झाँक्री, घनश्याम भुसालहरू पनि एमालेमै जान खुट्टा उचालिसकेका थिए। माधव नेपाल र झलनाथ खनालबिचको सम्बन्ध बिग्रिँदै छ। त्यो पार्टीले २०७९ सालको चुनावमा नेका र माओवादीसँग मिलेर चुनाव लड्दा पनि ३ प्रतिशत मत पाउन सकेको थिएन। प्रधानमन्त्रीले राष्ट्रिय पार्टीहरूको बैठक बोलाउँदा एकीकृत समाजवादीलाई नबोलाएकोमा पनि माधव नेपाल असन्तुष्ट थिए। यस्तो अवस्थामा नयाँ गठबन्धन माधव नेपालको निम्ति इज्जत जोगाउने राम्रो अवसर भएको छ।

राष्ट्रिय सभाको निर्वाचनको बेला एमालेलाई समेत मिलाएर लान प्रचण्डले एमालेलाई ६ सीटसम्म दिन तयार भए पनि माधव नेपालले ठाडो अस्वीकार गरेपछि अलग अलग चुनाव लड्नु परेको पीडा एमाले नेताहरूमा थियो।

एमालेलाई पनि एकीकृत समाजवादीसँग पार्टी एकता गर्न सके संसदको सबभन्दा ठुलो दल हुने चाहना छ। एमालेका नेताहरूले एकीकृत समाजवादीभित्र दबाब बढाउँदै छन्। माधव नेपाल मिल्न तयार नभए आगामी चुनावसम्ममा माधव नेपाललाई एक्ल्याउने नीतिअनुसार काम भइरहेको बुझ्न कठिन छैन। अर्कोतर्फ माओवादीसँग संयुक्त भएर चुनाव लडेको २०७४ सालमा झण्डै दुईतिहाइ जितेर सङ्घ, प्रदेशको सरकारमा एकलौटी गर्न पाएको पनि एमालेका नेताहरूले बिर्सन सकेका छैनन्। त्यसैले सरकारमा पुग्न जुनसुकै मूल्य चुकाउन पनि एमालेका नेताहरू तयार भए। राष्ट्रपति निर्वाचनमा माधव नेपाललाई राष्ट्रपति बनाउन पनि ओलीले नखोजेका होइनन्। तर, उनको एउटा सर्त थियो - पार्टी एकता। माधव नेपाललाई राष्ट्रपति बनाएर पार्टी 'कब्जा' गर्ने ओलीको सपना पूरा भएन तर त्यो प्रस्ताव अस्वीकार गरेकोमा नेपाल पक्षका कार्यकताहरू भने असन्तुष्ट भए।

उपेन्द्र यादवको जनता समाजवादी पार्टी पनि सरकारमा गएको छ। प्रधानमन्त्रीले विश्वासको मत लिने बेलासम्म कुनै नयाँ परिस्थिति निर्माण नभएमा बहुमत लिएर पुन: एक पटक प्रधानमन्त्रीले वैधानिकता पाउनेछन्। यसअघि पनि नेकासँग गठबन्धन गर्दा प्रचण्ड २ वर्ष, माधव नेपाल १ वर्ष र देउवा २ वर्ष गरी पाँच वर्षकै लागि लिखित सहमति भएको थियो। तर, सहमति बिचमै टुट्यो। त्यसैले यो गठबन्धनको भविष्य पनि निश्चित छैन।

राजनीतिमा नैतिकता महत्त्वपूर्ण पक्ष हो। तर, अहिले 'नाङ्गा नाचे हजार दाउ' का ठेकेदारहरूले राजनीतिलाई विकृत बनाइदिए। राजनीति जनताको सेवा हुनुपर्नेमा उनीहरूले 'हाइ फाइदा' मा रूपान्तरण गरिदिए। युवाहरूमा राजनीतिप्रति नै वितृष्णा जगाइदिए। देश बनाउन सक्ने क्षमतावान युवाहरू विदेश पलायन हुन बाध्य बनाए। यस्तो कहालीलाग्दो अवस्थाको लागि नेपालका शासक दलका नेताहरू नै जिम्मेवार छन्।

विनायोजना नयाँ गठबन्धन सरकार बनेको छ। अबका केही दिनमा साझा न्यूनतम कार्यक्रम प्रस्तुत हुने नै छ। नेताहरूले आत्मनिर्भरता, रोजगारी, व्यापारघाटा कम गर्ने, विकास निर्माणलाई तीव्रता दिने, शिक्षा, स्वास्थ्यमा देखिने गरी काम गर्ने उही पुरानै आश्वासनका पोकाहरू बाँड्नेछन्। जनताले ती सबै झूटहरूलाई बुझेर पनि चुपचाप सुनिदिनुपर्नेछ। जनता फटाहाहरूलाई चुनावमा जिताएकोमा पश्चाताप गरेर बस्नुपर्नेछ। कुर्सीको लागि 'कुकुर झगडा' गरेको फेरि ४ वर्ष हेर्नु छ। यस अवधिमा प्रचण्ड रही रहे उनकै शब्दमा जनताले कतिपटक 'उथलपुथल' हेर्नुपर्नेछ, त्यो अहिले नै भन्न सक्ने अवस्था छैन। नयाँ गठबन्धन बनेकोमा खुसी हुने नेताहरूले नै प्रचण्डलाई धारे हात लगाएर 'बेइमान, धोकेबाज, फटाहा' भन्ने दिन आउनेछ। त्यसको लागि धैर्यको मात्रै खाँचो छ।

# दहेज प्रथाको विसङ्गति र पुँजीवादी समाज

✍ कुसुम

तराईमा दहेजको नाममा बढ्दै गएको विकृति तथा विसङ्गतिले गर्दा यहाँका अभिभावकहरू चिन्तित बनेका छन्। कानुनतः छोराछोरी समान हुन्। छोरीहरूलाई छोरासरह व्यवहार गर्नुपर्छ भने आम अभिभावकमा भावना जगाउन सरकारी र गैरसरकारी सङ्घ तथा संस्थाहरू लागे पनि सतहमा त्यस्तो देखिँदैन।

पहिला पहिला भन्ने गर्थे, छोरी पराइ घर जाने हो किन शिक्षा, दीक्षा दिने ? उनीहरू पढाइमा लगानी गर्नुभन्दा पनि आफ्नो क्षमताअनुसार दाइजो (दहेज) दिएर बिहे गर्नु नै उपयुक्त ठान्दछन्।

समयको विकास क्रमसँगै यहाँका अभिभावकहरूको सोच र चिन्तनमा पनि विकास भएको देखिन्छ। छोरीलाई पनि छोरासरह शिक्षादीक्षा दिएर आत्मनिर्भर बनाउनुपर्छ भन्ने भावना लिएर हिजोआज छोरीहरूलाई पनि उच्च शिक्षासम्म अध्ययन गर्नमा लगानी गरेको देखिन्छ। छोरीहरूलाई पढाउनको लागि मधेस प्रदेश सरकारले 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान अगाडि सारेको देखिन्छ।

तराईमा अधिकांश विवाह मागी विवाह हुने गर्दछ। केटी पक्षले केटा पक्षको घरमा गई केटा माग्ने गर्दछ। केटा पक्षले केटी पक्षसँग दहेज लिने दिने विषयमा सौदाबाजी हुन्छ। केटा पक्षले भने जति नगद र जिन्सी सामान केटी पक्षले दिन तयार भयो भने विवाह प्रक्रिया अगाडि बढ्छ। नत्र भने दुवै पक्ष आ-आफ्नो बाटो लाग्छन्।

यदि केटा पक्ष र केटी पक्षबिच दहेज लिने दिने विषयमा सकारात्मक छलफल भयो भने बिहे हुनुअगाडि केटा पक्षले आफ्नो पारिवारिक क्षमताअनुसार २०-५० जना केटी पक्षको घरमा गएर केटीलाई छेक्ने अथवा बिहेको दिन निश्चित गर्दछ। केटा पक्षका मान्छेहरूलाई घरमा पुगेदेखि आदर सत्कारमा कुनै किसिमको कमीकमजोरी केटी पक्षबाट हुनुहुँदैन। उनीहरूलाई गएदेखि उच्चस्तरको खाना, नास्ता खुवाउनुका साथै बिदावारी हुने बेला सबैलाई कपडा दिई बिदाइ गर्नुपर्ने परम्परा छ।

केटीको बिहे नहुञ्जेलसम्म केटा पक्षले जे भन्छ, त्यो केटी पक्षले स्वीकार्नुपर्ने हुन्छ। तराईमा हुने यस्तो परम्पराको विवाहले गर्दा यहाँका आमाबुबाहरूले छोरी पाउनु एक प्रकारको अभिशाप जस्तै मान्छन्। कतिपय आमाबुबाको घर खेत बन्धकी राखी छोरीको बिहे गर्ने गर्छन्।

गएको फागुन २८ गते पर्सा, वीरगञ्ज, रानीघाट, निवासी सुरवल साहको बारा जिल्ला कलैया उपमहानगरपालिका वडा नं. ४ निवासी बच्चेलालको छोरासँग बिहे गर्ने समय निश्चित भएको थियो। केटा वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखामा कम्प्युटर अपरेटरको रूपमा कार्यरत रहेछन्। उनलाई दाइजोको रूपमा रु. १२ लाख, मोटरसाइकलबापत रु. ३ लाख २५ हजार, एक ल्यापटप र एक थान सुनको औँठी र हनुमानको माला दाइजोको रूपमा दिइएको थियो। केटी पक्षले थप सुनको सिक्रीको व्यवस्था नगर्दा केटी पक्षको घरमा पुगेको जन्ती बिहे नै नगरी फिर्ता भयो। यो एउटा प्रतिनिधिमूलक घटना मात्रै हो। कतिपयले बिहे भएपछि पनि केटीको ससुराली पक्षको समय-समयमा दजेह माग्ने गर्दछ। केटी पक्षले नदिएको खण्डमा केटीलाई माइतमा लगेर छोडिदिनुका साथै सम्बन्धविच्छेद भएको पनि सुनिन्छ।

कतिपयले केटीको ज्यानसमेत लिने गरेको सुनिन्छ। यी सबै भावनाहरू केटी र केटी पक्षले छोरीको खुसीको लागि सहेर बस्नुपर्ने हुन्छ।

हिजोआज शिक्षित परिवारमा नै दहेजको बढी मोलमोलाइ हुने गर्दछ। सरसामान किन्नु जति तनाव हुँदैन, छोरीको बिहे गर्दा त्यति तनावमा बस्नुपर्ने हुन्छ। कतिपय अभिभावकले भन्ने गर्छन् कि पैसा खर्च गरेर छोरीलाई पढाइयो, छोरीको स्तरअनुसारको केटा खोजेर बिहे गर्नु हाम्रो लागि फलामको चिउरासरह नै हुने भयो। किनभने, केटा र केटा पक्षको स्तरअनुसार दाइजो दिनसक्ने अवस्था नभएपछि गाउँघरमा चर्को ब्याज तिर्ने गरी ऋण लिनुपर्ने अवस्था छ।

तराईमा दाइजोको नाममा दिन प्रतिदिन बढ्दै गएको विकृतिले गर्दा अहिलेको युवा पुस्ताले छोरी नै जन्माउन मान्दैन। प्रविधिको विकासले गर्दा गर्भमा लिङ्ग जाँच गरिएको हुन्छ। यदि छोरी रहेको छ भने गर्भपतन गराइन्छ। पछिल्लो समयमा तराईमा यो प्रवृत्ति बढ्दै गएको छ।

तराईमा बढ्दै गएको दहेज प्रथालाई निर्मूल गर्न ती नै तहको सरकार कडाइका साथ लाग्नुपर्दछ। बाल विवाह र दहेज प्रथाविरुद्ध कडा कानुन बनाई कार्यान्वयनतर्फ लाग्नुपर्दछ नत्र यसले भोलिको दिनमा समाजमा झन् विकृति र विसङ्गति बढाउनेछ। यसतर्फ समयमै सबै पक्षको ध्यान पुगोस्।

# मार्च ८ र केही पुस्तकका प्रसङ्गहरू

✍ समा

**आजको पुँजीवादी विश्वले महिलालाई वस्तुको रूपमा प्रयोग गर्छ । पुँजीपतिले अतिरिक्त मूल्य अर्थात् नाफाको निम्ति महिलाको प्रयोग या किनबेच गर्ने गर्छ । वैदेशिक रोजगारीको निम्ति खाडी पसेका कामदार महिलाको अवस्थाले पुँजीवादी व्यवस्थाको रङ उजागर गर्छ । 'केटीहरू' बुलेटिन अङ्क १० मा सोभियत रुसकी छोरी इरिना मालेन्कोभले लेखेकी छिन्, 'पुँजीवादी विश्वमा महिला, विश्वका हब्सी हुन्' सोभियत रुसमा कामदार महिलाको स्वर्ग बाँचिरहेकी उनले पहिलोपल्ट युरोप जाँदा महिलामाथिको शोषण र पशुसरहको व्यवहार देखिन् । कामदार महिलाको दाससरह किनबेच भइरहेको देखिन् र समाजवादी व्यवस्थाले मात्र महिलालाई मुक्त गर्छ भन्ने अनुभव गरिन् । उनको लेखमा समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थामा महिलाको स्थितिको तुलना छ ।**


मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विश्व मजदुर आन्दोलनको एउटा महत्त्वपूर्ण हिस्सा हो । बेलायत, पश्चिमा विश्वमा मजदुर आन्दोलनको ज्वारभाटाले मार्च ८ को जन्म गरायो । सन् १८३० तिरै दासताविरुद्ध अमेरिकी महिलाहरूले सङ्गठित आन्दोलन गरेसँगै महिला हक अधिकारको निम्ति आवाज दिन थालिसकेका थिए । सन् १८४८ मा कार्ल मार्क्स र ऐङ्गेल्सले लेख्नुभएको 'कम्युनिस्ट घोषणापत्र' ले श्रमिकहरूलाई श्रम शोषणविरुद्ध आवाज उठाउन हौस्यायो, सङ्घर्षको सैद्धान्तिक आधार प्रदान गऱ्यो । त्यसपछि बेलायत, युरोप हुँदै अमेरिकामा मजदुर आन्दोलनको उभार उठ्यो । महिला श्रमिकहरूले पनि समान पारिश्रमिक, समान अवसर, निश्चित कार्यघण्टा, मातृत्व संरक्षण र स्वास्थ्यसम्बन्धी मागसहित श्रमशोषणविरुद्ध आवाज उठाए । महिला पनि पुरुषसरह राजनीतिक प्राणी बन्न पाउनुपर्ने, मताधिकार प्राप्त हुनुपर्ने मागसहितको आन्दोलन अघि बढ्यो । थुप्रै आन्दोलनहरूमध्ये सन् १९०७ न्युयोर्क सहरको टेक्सटायल कारखानामा भएको हडताल र सन् १९०८ मा अमेरिकाको म्यानह्याथनको सिलाइ बुनाइ कारखानाका श्रमिक महिलाहरूले गरेको आन्दोलन स्मरणीय छ । ती हडतालमा ३० हजारभन्दा बढी महिला मजदुरहरूले भाग लिएका थिए । प्रदर्शनीलाई राज्यसत्ताले निर्मम दमन गऱ्यो । थुप्रै महिलाहरूको रगत बग्यो, सहिद बने । धेरैधेरै महिला गिरफ्तारीमा परे, असह्य यातना दिइयो । यद्यपि, मजदुर महिलाहरूले हार मानेनन् । त्यो घटनाले विश्वलाई नै चकित बनायो ।

सन् १९१० मा डेनमार्कको कोपनहेगनमा भएको अन्तर्राष्ट्रिय समाजवादी सङ्गठनको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सोही घटनाको स्मरण गर्दै ती मजदुर महिला योद्धाहरूको सम्मानमा जर्मन नेतृ क्लारा जेटकिनले मार्च आठलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने प्रस्ताव गरिन् । यसरी महिलाहरूको मजदुर आन्दोलन मार्च ८ को नाममा स्थापित भयो । त्यसकारण, क्रान्तिकारी नेतृ जेटकिनलाई मार्च ८ का प्रणेताको रूपमा पनि स्मरण गरिन्छ । उनको जीवन, व्यक्तित्व र सङ्घर्षबारे नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिले प्रकाशन गरेको पुस्तक 'विश्वका क्रान्तिकारी महिलाहरू' मा पढ्न पाइन्छ । क्लारा जेटकिन भन्छिन्, "वर्गमुक्तिले मात्र महिला मुक्ति सम्भव हुन्छ ।" महिलाभित्र पनि वर्ग हुन्छ, महिला मुक्ति सङ्घर्ष वर्गीय मुद्दा हो भन्ने विचार उनको हो । मार्च ८ वर्गसङ्घर्षकै सिलसिलाको रूपमा स्थापित गर्न उनले गरेको सङ्घर्ष बेजोडको छ । तसर्थ आज महिला कुनै एउटा उपेक्षित लिङ्ग या जातको रूपमा व्याख्या हुनु क्लारा जेटकिनको भावनामाथि घात या प्रहार हो भन्न सकिन्छ ।

वर्गसङ्घर्ष हुँदै समाजवादसम्म पुग्ने बाटो रुसको समाजवादी क्रान्तिले कामदार महिलाहरूलाई देखायो । सन् १९१७ मा भएको रुसी अक्टोबर समाजवादी क्रान्तिले श्रमिक महिला आन्दोलनलाई स्पष्ट सैद्धान्तिक आधार र व्यावहारिक अभ्यास प्रदान गऱ्यो । समाजवादी क्रान्ति नै महिला मुक्तिको बाटो हो अर्थात् समाजवादी बन्दोबस्त नै कामदार महिलाहरूको स्वर्ग हो भन्ने व्यवहार स्थापित भयो । सबैखाले शोषणको व्यवस्था महिलाहरूको नर्क हो भन्दै थुप्रै क्रान्तिकारी महिला नेतृहरू समाजवादी आन्दोलनमा जोडिए । नेतृ सिल्भिया पानखुस्ट भन्छिन्, "म पुँजीवादविरुद्ध लड्छु चाहे मेरो ज्यान किन नजाओस् । किनभने, भोकाएकाहरूको माझमा म एक्लै अघाउन सक्दिनँ । अन्याय, अत्याचार देखे पनि नदेखेझैँ बस्न म सक्तिनँ ।"

मार्च ८ लाई बिस्तारै एक समाजवादी आन्दोलनको रूपमा मनाउन थालियो । सोभियत रुसकै उदाहरण लिने हो भने त्यहाँ महिलालाई मतको अधिकारदेखि मातृत्व सुविधा प्रदान गरियो । सोभियत महिलाले कलकारखानामा काम गर्ने समान अवसर, समान ज्याला, विश्रामको कानुनी व्यवस्था, शिक्षाको ग्यारेन्टी र राज्य सञ्चालनमा पुरुष सरह समान अधिकार प्राप्त गरे । सामूहिक भान्छाघर, स्नान र लुगा धुने गृहको व्यवस्था भयो । पहिलो पटक विश्वमा शिशुलाई आमाको दूध बैङ्कको अभ्यास रुसले थाल्यो । विश्वमा सर्वप्रथम प्रसव र सुत्केरी बिदा सोभियत सङ्घमा २७ नोभेम्बर १९१७ को दिन जन कमिसार परिषद्को निर्णयबाट सुरु गरिएको थियो । इ.रामबिन्दु श्रेष्ठको पुस्तक 'सोभियत सम्झनाहरू' ले सोभियत रुसमा श्रमिक महिलाको अवस्थाबारे जानकारी दिन्छ ।

सोभियत समाजमा महिलाहरूको ठुलो सम्मान थियो । पहिलो पटक विश्वमा महिला मन्त्री सोभियत रुसले दियो । महिलाहरू १०० प्रतिशत साक्षरमात्र होइन शिक्षा, कला, साहित्य, विज्ञान प्रविधिमा पुरुषसरह अगाडि थिए । त्यतिबेला नेपालमा महिला साक्षरता १.८ प्रतिशत मात्र थियो भन्ने जानकारी पनि इ.रामबिन्दु श्रेष्ठले दिएका छन् । सोभियत रुसले क्रुप्स्काया, कोलोन्ताई र क्लारा जेटकिनजस्ता क्रान्तिकारी नेतृहरूलाई मात्र हुर्काएन बरु भ्यालेन्टिना टेरेस्कोभाजस्ता प्रतिभाहरू पनि जन्मायो । टेरेस्कोभा अन्तरिक्षमा





पुग्ने पहिलो महिला थिइन् । उनले २६ वर्षको उमेरमा पृथ्वीलाई ४८ फन्को लगाएकी थिइन् । सोभियत रुस अर्थात् समाजवादले टेरेस्कोभाजस्ता हजारौँ हजार फूलहरू फुल्ने वातावरण दियो । यसरी मार्च ८ समाजवादी आन्दोलनको सिलसिला बन्यो । सन् १९४९ को चिनियाँ क्रान्ति, सन् १९४५ को प्रजग कोरियाली समाजवादी क्रान्ति, सन् १९५९ को क्युवाली क्रान्तिले पनि महिला आन्दोलनलाई समाजवादी क्रान्तिसँग जोड्यो ।

क्युवाली क्रान्तिको सन्दर्भमा नेता फिडेल क्यास्ट्रोले भन्नुभएको थियो, "क्रान्तिमा महिला सहभागिता र महिला मुक्ति मुद्दा क्रान्तिभित्रको पनि क्रान्ति हो । क्युवाली क्रान्तिले क्युवामा गरेको कठिन र महत्त्वपूर्ण काम भनेकै महिला मुक्ति अर्थात् श्रमिक महिलाको जीवनमा क्रान्ति हो ।" (पुस्तक क्युवामा क्रान्तिभित्रको क्रान्तिबाट)

समाजवादी व्यवस्था स्थापनापछि सिङ्गो व्यवस्था महिलाको शिक्षा, स्वास्थ्यको निम्ति लागिपऱ्यो । राज्य आफैँ महिलालाई सामाजिक दलनबाट माथि उठाउन नीति निर्माण गर्दै थियो । क्रान्तिपछि नेता फिडेल क्यास्ट्रोको निर्देशनमा महिला नेतृहरू भिल्मा इस्पिन, असेला डी लस सान्तोस योलान्डा फेरेरहरूले युगौँदेखि दबिएर रहेका क्युवाली महिलालाई खेतीपाती र घरको चौघेराबाट बाहिर ल्याउन शैक्षिक एवम् सांस्कृतिक आन्दोलन अगाडि बढाए । साक्षरता कक्षा, रात्रि कक्षा हुँदै हजारौँ हजार विद्यालय, कलेज स्थापना गरे । राजनीतिमा महिला सहभागिता, श्रमबजारमा महिला उपस्थिति बाक्लो हुँदै गयो । क्युवामा श्रमिक महिला आन्दोलनबारे पुस्तक 'Women in Cuba; The making of a revolution within the revolution' ले प्रकाश पार्छ ।

आज क्युवामा सेवा क्षेत्र, चिकित्सा र शिक्षण पेसामा ६० देखि ७० प्रतिशत महिला छन् । ५० प्रतिशत महिला व्यवस्थापकीय ओहोदामा छन् । ५३.२२ प्रतिशत महिला सहभागिता संसद्मा छ । मन्त्रीमण्डलमा ३३ प्रतिशत क्युवाली महिला मन्त्री छन् । न्यायाधीशमा ७७.५ प्रतिशत महिला छन् । ७८ प्रतिशत वकिल या अधिवक्ता महिला छन् । ३४ प्रतिशत महिला स्वरोजगार छन् । समाजवादी मुलुकमा मात्रै यी सबै हुन सम्भव छ । क्युवा आज पनि मार्च ८ लाई समाजवादी आन्दोलनको महत्त्वपूर्ण हिस्साको रूपमा मनाउँछ ।

सन् १९७५ 'मार्च ८' को इतिहासमा संरा अमेरिकी षड्यन्त्र सतहमा आएको वर्ष हो । मार्च ८ मजदुर आन्दोलन हुँदै समाजवादी आन्दोलनको रूपमा अघि बढेको पश्चिमा विश्वलाई पटक्कै मन परेको थिएन । एकातिर नेता स्तालिनको मृत्युपछि सोभियत रुसमाथि प्रहार हुँदै थियो अर्कोतिर विश्वमा संरा अमेरिकाको प्रभुत्व स्थापित हुँदै थियो । त्यही समय संयुक्त राष्ट्र सङ्घमार्फत सन् १९७५ मा 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस' मा 'श्रमिक' शब्द हटाएर नारी दिवस मात्र राख्ने





प्रस्ताव गरियो । औपचारिकरूपमा सन् १९७७ बाट पुँजीवादी विश्वले अन्तर्राष्ट्रिय नारी दिवसमात्र मनाउन थाल्यो । त्यसको प्रमुख हतियार एनजीओ–आइएनजीओमार्फत विश्वमै महिला आन्दोलनको वर्गीय भावनालाई मार्ने प्रयास गरियो । महिला मुद्दालाई मजदुर आन्दोलन, वर्गीय आन्दोलन, समाजवादी आन्दोलनबाट अलग्याउने कुत्सित प्रयत्न रोकिएन ।

त्यसपछि पुँजीवादी विश्वले मार्च ८ लाई मात्र एउटा लैङ्गिक मुद्दामा सीमित राख्यो । पुँजीवादी व्यवस्था अर्थात् पश्चिमा विश्वले आईएनजीओहरूलाई महिलाभन्दा महिलावादी बनाउन डलर लगानी गऱ्यो । त्यही डलरको पासोमा नेपाली शासक दलका महिला सङ्गठनहरू परेको देखिन्छ । नेपालमा महिला आन्दोलनको अध्ययनले यही भन्छ । शासक दलका महिला सङ्गठनहरू संसद्मा कामदारवर्गका महिलाको प्रतिनिधित्वको कुरा गर्दैनन् । कामदारवर्गका महिलालाई सक्षम, शिक्षित र दक्ष बनाउने कुरा गर्दैनन् । छोरीका लागि शिक्षाभन्दा सम्पत्तिको मुद्दा ठुलो ठान्छन् । देशमा एक दुई थान मन्त्री महिला भए परिवर्तन भइहाल्ने कुतर्क गर्छन् । मार्च ८ लाई पुरुषको सत्तोसराप गर्ने, महिलाको दु:खको कारण पुरुष हो भन्दै उफ्रिने दिनको रूपमा लिन्छन् । जुन गलत हो । क्लारा जेटकिनले त के भनेकी छिन् भने, "शोषणको व्यवस्थाविरुद्ध कामदार महिला आफ्नो वर्गका पुरुषको काँधमा काँध र हातमा हात मिलाई अघि बढ्नुपर्छ ।" क्लारा जेट्किनको तस्बिर देखाएर उनको भावना र विचार मार्ने काम नेपालका शासक महिला सङ्गठनहरू गर्दै छन् ।

विश्वमा महिलाभन्दा महिलावादी आन्दोलनले महिलाको लागि छुट्टै राज्य, भाषा, मिडिया इत्यादिको माग गरेको पढ्न पाइन्छ । कुनै बेला नेपालको संसद्मा पनि विदेशी डलरबाट विवेक भ्रष्ट भएका महिलाले महिलाको लागि छुट्टै राज्य मागेको घटना पनि छ । के महिला मात्रको राज्य कल्पना गर्न सकिन्छ ? मानव समाजको इतिहासविपरीतको बुद्धि कसले दिन्छ ? कामदारवर्गीय महिला आन्दोलन कमजोर बनाउन पुँजीवादी विश्वमा आज पनि यस्तै खेल चल्दै छ ।

महिलावादी भएर होइन मार्क्सवादी अर्थात् वर्गसङ्घर्षको विचारले महिला मुक्ति सम्भव हुन्छ भन्छिन् स्रष्टा सिमोन द बोवुआर । 'महिलालाई दोस्रो दर्जा समाज व्यवस्थाले दिएको हो अन्यथा छोरी हुनु नितान्त प्राकृतिक विषयमात्रै हो' भन्ने विचार पनि उनैको हो । उनको पुस्तक 'महिलासँग गुमाउनलाई केही छैन' शीर्षकको पुस्तकमा महिलामाथि विवाह, परिवारको अवधारणाले थोपेको शोषणको कथा पढ्न पाइन्छ । मातृत्व, यौन र घरेलु श्रमभन्दा बाहिर महिला अधिकारबारे उनको सवाल मार्च ८ को भावनासँग मिल्दो छ ।

महिला इतिहासदेखि समाजमा उपेक्षित या दोस्रो दर्जामा रहँदै आएको होइन । आदिम समाजमा




महिला पुरुषबिच भेद थिएन । कुनै बेला मातृसत्तात्मक समाज अर्थात् आमाप्रधान समाज पनि थियो । उत्पादन सम्बन्धमा भएको परिवर्तनले पितृसत्तात्मक समाज जन्माएको हो । शारीरिक श्रममा निर्भर कृषि कर्म, सामन्तवादी समाजले पुरुषको प्रधानता स्थापित गऱ्यो । एङ्गेल्स परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्तिसँगै श्रमिक महिलामाथि शोषण तीव्र भयो भन्नुहुन्छ । तसर्थ, कामदार महिलामाथि शोषणको अवस्था उत्पादन सम्बन्धसँग जोडिएको हुन्छ, यो मार्क्सवादी विचार हो ।

आजको पुँजीवादी विश्वले महिलालाई वस्तुको रूपमा प्रयोग गर्छ । पुँजीपतिले अतिरिक्त मूल्य अर्थात् नाफाको निम्ति महिलाको प्रयोग या किनबेच गर्ने गर्छ । वैदेशिक रोजगारीको निम्ति खाडी पसेका कामदार महिलाको अवस्थाले पुँजीवादी व्यवस्थाको रङ उजागर गर्छ । 'केटीहरू' बुलेटिन अङ्क १० मा सोभियत रुसकी छोरी इरिना मालेन्कोभले लेखेकी छिन्, 'पुँजीवादी विश्वमा महिला, विश्वका हब्सी हुन्' सोभियत रुसमा कामदार महिलाको स्वर्ग बाँचिरहेकी उनले पहिलोपल्ट युरोप जाँदा महिलामाथिको शोषण र पशुसरहको व्यवहार देखिन् । कामदार महिलाको दाससरह किनबेच भइरहेको देखिन् र समाजवादी व्यवस्थाले मात्र महिलालाई मुक्त गर्छ भन्ने अनुभव गरिन् । उनको लेखमा समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थामा महिलाको स्थितिको तुलना छ ।

कार्ल मार्क्सले भन्नुभएझैँ विश्वका कामदार महिला दोहोरो शोषणमा परेका छन् । पुँजीवादी व्यवस्थाले गर्ने शोषण र पितृसत्तात्मक समाजको दलन । अहिले त साम्राज्यवादी युद्ध आतङ्कबाट महिला प्रताडित छन् । पछिल्लो तस्बिर प्यालेस्टिनमा देखियो । अहिलेसम्म ३० हजार ३ सयभन्दा बढी प्यालेस्टिनीको हत्या इजरायलले गरिसकेको छ । जसमा ७० प्रतिशत महिला र केटाकेटी छन् । युद्धको परकम्पको क्षति पनि महिला नै भोग्दै छन् । जातीय संहारका लागि महिला र केटाकेटी सिध्याउने साम्राज्यवादी युद्धविरुद्धको आवाज वास्तवमा यो मार्च ८ को आवाज हुनुपर्छ । व्यवस्था र युद्धविरुद्ध श्रमिक वर्गका महिला एक हुनु अन्तर्राष्ट्रिय कर्तव्य पनि हो ।

भारत र नेपालजस्तो सामन्तवादी अवशेष बाँकी भएको पुँजीवादी देशमा पुरुष अहङ्कार, अन्धविश्वास र अन्ध प्रथाहरूले कामदार महिलालाई नराम्रोसँग पीडा दिएको छ । छाउपडी प्रथा, बोक्सीप्रथा, दाइजोप्रथा सबै छोरीविरोधी प्रथा हुन् । विश्वमा सबैभन्दा बढी बलात्कार र सामूहिक बलात्कार हुने देशमध्ये भारत एक हो । पितृसत्तात्मक समाज व्यवस्थाको कारण भारतका महिला साक्षर भए पनि पछाडि परेका छन् भन्ने तथ्य ट्राइकन्टिनेन्टलले प्रकाशित गरेको पुस्तक 'समानता की कठिन राह पर भारत की महिलाएँ' ले उजागर गर्छ । भारतमा कामदार महिलाको स्थिति र नेपालको अवस्थाबारे तुलनात्मक अध्ययनमा पुस्तकले सघाउँछ ।

मार्च ८ को सँघारमै सुर्खेतमा ७ वर्षकी बालिका बलात्कृत भइन् । सालिन पोखरेल त विद्याको मन्दिरमा बलात्कृत पनि भइन् र हत्या पनि गरियो । निर्मला र भगीरथीहरूले न्याय पाएनन् । यो नेपालको तस्बिर हो । राष्ट्रपति महिला, प्रधानन्यायाधीश र मन्त्रीहरू महिला, कानुन निर्माणमा महिला सहभागिता ३३ प्रतिशत पुगेर पनि बलात्कारजस्तो जघन्य अपराध रोकिएन । बलात्कारको लागि मृत्युदण्डको विकल्प छैन । कानुनमा लेखौँ भन्दा नीति निर्माण तहका महिला नै नमानेको घटना भारतको जस्तै नेपालको पनि हो । नेपालको सन्दर्भमा राजनीतिमा महिला सहभागिताले सामाजिक दलन र अन्धविश्वासका कारण भइरहेको अपराधसमेत रोक्न सकेको छैन । त्यतिमात्र होइन महिला स्वास्थ्यबारे राज्य बेवास्ता गर्छ । पछिल्लो रिपोर्टअनुसार हरेक दिन ४ नेपाली महिला पाठेघरको मुखको क्यान्सरको कारण मृत्यु हुन्छ ।

तथ्याङ्कमा जाने हो भने राजनीतिमा महिला सहभागिताको विश्वव्यापी औसत २३.८ प्रतिशत हो । एसियाको हकमा १९.८ प्रतिशत । यो हिसाबले नेपालको राजनीतिमा महिला सहभागिता ३३ प्रतिशत बढी नै हो । यसले महिलामाथि हुने शोषण रोकिएन । महिला बेचबिखन, अहिले त श्रमशक्तिको नाममा म्यानपावर कम्पनीले खाडी मुलुकमा महिला बेचबिखन गर्दै छ, राज्यको समेत लगानी छ । यसर्थ, कामदार महिला, शिक्षित महिला, सक्षम महिला राजनीतिमा हुनु आजको अवश्यकता हो ।

आज पनि महिलालाई श्रमशक्तिको रूपमा विकास गरिएको छैन । पछिल्लो तथ्याङ्कअनुसार विश्वमा २ अर्ब ७० करोड महिलाले पुरुषसरह आफ्नो काम रोज्न पाउँदैनन् । ६९ वटा देशमा महिलाले काम चुन्ने अधिकारलाई कानुनले रोकेको छ । ४३ देशमा काम गर्ने ठाउँमा महिलामाथि हुने हिंसाविरुद्ध कुनै कानुन छैन । महिला र पुरुषबिच काममा सहभागिताको खाडल ३० प्रतिशत छ । विश्वमै आज पनि ७३.५ प्रतिशत महिला कामदारको ज्यालाको ग्यारेन्टी र सामाजिक सुरक्षा छैन । अहिले जलवायु परिवर्तनको प्रत्यक्ष असरले महिलालाई श्रमविहीन बनाउने खतरा बढेको छ । १ अर्ब २० करोड काम जलवायुसँग जोडिएको छ । जलवायु परिवर्तनले एकैचोटि १५ करोड ८३ महिलाले काम गुमाउनुपर्ने र गरिबी बढ्ने पूर्वानुमान छ । नेपालजस्तो देशलाई यसको प्रत्यक्ष असर जरुर पर्नेछ । तसर्थ, समयले फेरि महिलालाई स्वदेशमै श्रमशक्तिको रूपमा विकास गर्ने आन्दोलनको आवश्यकताबोध गराउँदै छ । मजदुर आन्दोलनबाट सुरु भएको मार्च ८ को मर्म यही हो । पुँजीवादी बन्दोबस्त र साम्राज्यवादी युद्ध अपराधविरुद्ध कामदारवर्गीय महिला आन्दोलन उठाउनु आजको आवश्यकता हो ।

# टर्कीएमा पाँच बालबालिकासहित २१ आप्रवासीको मृत्यु



इस्तानबुल, १५ मार्च (एएफपी) । टर्कीएको सामुद्रिक तटमा एउटा डुङ्गा डुब्दा पाँच बालबालिकासहित २१ आप्रवासीको मृत्यु भएको स्थानीय अधिकारीहरूले शुक्रबार बताएका छन् । पीडितहरूको राष्ट्रियता अहिलेसम्म खुल्न सकेको छैन ।

दुई जनालाई टर्कीएका तटरक्षकहरूले उद्धार गरेको र अर्का दुईलाई आफैँ पानीबाट बाहिर निकाल्न सफल भएको अधिकारीहरूले बताएका छन् । ग्रिसको लोम्नोस टापुनजिकैको उत्तरपश्चिमी प्रान्त क्यानाकलको टर्कीएको सबैभन्दा ठूलो टापू गोकसेडा वा इम्ब्रोसस्थित एजियन सागरको तटमा डुङ्गा डुबेको थियो ।

"सुरक्षा दलले पाँच बालबालिकासहित २१ जनाको शव फेला पारेको छ," स्थानीय गभर्नरको कार्यालयले विज्ञप्तिमा भनेको छ । एउटा विमान, दुईवटा हेलिकप्टर, एउटा ड्रोन, १८ वटा डुङ्गा र पाँच सय दुई कर्मचारी खोजी तथा उद्धार अभियानमा सहभागी भएको विज्ञप्तिमा उल्लेख छ ।

टर्कीएमा अधिकांश सिरियालीसहित करिब ४० लाख शरणार्थी रहेका छन् । समृद्ध युरोपेली सङ्घ (ईयू) का मुलुकहरूतिर जान धेरै आप्रवासी टर्कीएको पश्चिमी तटबाट ग्रिक टापु पुग्ने प्रयास गर्छन् । यीमध्ये धेरैजसो खतरनाक समुद्र पार गर्दा मर्ने गर्छन् ।

स्थानीय अधिकारीहरूका अनुसार रातभरमा डुङ्गा डुब्न थालेपछि शुक्रबार धेरै एम्बुलेन्स गोकसेडा नजिकैको कबातेपमा तैनाथ थिए । हालैका साताहरूमा टर्कीए र ग्रिसबिचको जल क्षेत्रमा आप्रवासीहरूको गतिविधि बढेका छन् । साताको प्रारम्भमा ग्रिस पार गर्ने प्रयास गरिरहेका बालबालिकासहित सयौं आप्रवासीलाई बचाएको टर्कीएका तटरक्षकहरूले बताएका छन् ।

धेरै वर्षदेखि भूमध्य सागर अफ्रिका र मध्यपूर्वबाट युरोपतिर आउने आप्रवासी प्रवाहको केन्द्र बनेको छ । सिरियाली गृहयुद्धबाट भागेका धेरै आप्रवासीले युरोपमा शरण लिन खोज्दा सन् २०१५ मा तीव्र आप्रवासी सङ्कट चरम अवस्थामा पुगेको थियो । टर्कीएले आर्थिक सहायता र अन्य प्रोत्साहनको बदलामा ईयूसम्म पुग्ने प्रयास गरिरहेका शरणार्थीको आगमनलाई रोक्नका लागि सन् २०१६ मा ईयूसँग सम्झौता गरेको थियो ।

# सम्पूर्ण भारतीय नागरिकलाई म्यान्मा छाड्न भारतीय विदेश मन्त्रालयको आग्रह

नयाँदिल्ली, १५ मार्च (एएनआई) । म्यान्माको रखाइन राज्यको बिग्रँदो सुरक्षा स्थितिका बिच भारतको विदेश मन्त्रालयले सम्पूर्ण भारतीय नागरिकलाई उक्त स्थान खाली गर्न निर्देशन दिएको छ ।

"रखाइन राज्यको अवस्था नाजुक रहेको छ । सुरक्षा स्थिति बिग्रँदो छ । हामीले त्यहाँ रहेका सम्पूर्ण भारतीय नागरिकलाई यथाशीघ्र उक्त ठाउँ छाड्न र कतैबाट त्यस क्षेत्रमा यात्रा नगर्न निर्देशन जारी गरेका छौं," शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भन्नुभयो ।

उहाँले रखाइन राज्यमा निरन्तर द्वन्द्व भइरहेकाले सुरक्षा स्थिति प्रतिकूल रहेको जानकारी दिनुभयो । भारतले म्यान्मामा शान्ति र सुरक्षा चाहेको भन्दै प्रवक्ता जैसवालले भन्नुभयो, "निरन्तर द्वन्द्वका कारण सुरक्षा स्थिति प्रतिकूल भए पनि हामी दुवै पक्षलाई शान्ति सुरक्षा कायम राख्न आह्वान गर्दछौं । हामी म्यान्मामा शान्ति र स्थिरता चाहन्छौं, रचनात्मक संवाद चाहन्छौं तथा संवाद र रचनात्मक संलग्नतामार्फत हामी समावेशी लोकतन्त्रको स्थापना गर्न चाहन्छौं ।"

गत फेब्रुअरीमा भारत सरकारले बिग्रँदो सुरक्षा स्थितिका बिच रखाइन राज्यमा यात्रा नगर्न सल्लाह दिँदै सम्पूर्ण भारतीय नागरिकमा निर्देशन जारी गरेको थियो । त्यहाँको बिग्रँदो सुरक्षा स्थिति, दूरसञ्चार साधनको अवरोध र अत्यावश्यक वस्तुहरूको चरम अभावका बारेमा प्रकाश पार्दै मन्त्रालयले रखाइन राज्यमा बसोबास गरिरहेका भारतीय नागरिकलाई तत्काल उक्त स्थान खाली गर्न सल्लाह दिएको हो ।

हाल म्यान्मामा हिंसाका घटना बढिरहेका छन् । गत अक्टोबरमा तीन जातीय अल्पसङ्ख्यक शक्तिले समन्वित आक्रमण गरेर केही सहर र सैनिक चौकीहरू कब्जामा लिएपछि हिंसाका घटना बढेका हुन् । विज्ञहरूले यस घटनालाई सन् २०२१ मा सत्ता लिएपछि जुन्ता सरकारका लागि 'सबैभन्दा ठूलो परीक्षा' भनेका छन् ।

उक्त घटनापश्चात् म्यान्माली सेनाले सीमावर्ती क्षेत्रमा हवाई हमला गरेपछि भारत-म्यानमा सीमामा रहेको भारतीय राज्य मिजोरममा म्यानमाबाट ठूलो सङ्ख्यामा मानिसहरूको आगमन भएको थियो ।

तीन वर्षअघि सेनाले सत्ता कब्जा गरेको म्यानमाले फेब्रुअरी १ मा सैन्य विद्रोहको तेस्रो वार्षिकोत्सव मनाएको हो ।

# रुसको राष्ट्रपतीय निर्वाचनका लागि मतदान सुरु

भ्लाडिभोस्तोक, रुस, १५ मार्च (सिन्हवा) । रुसमा सन् २०२४ को राष्ट्रपतीय निर्वाचन लागि मतदान सुरु भएको छ । रुसको सुदूरपूर्वी क्षेत्र मानिने कामचटका, चुकोटलगायतका क्षेत्रमा स्थानीय समयअनुसार शुक्रबार बिहान आठ बजेदेखि मतदान सुरु भएको छ ।

शीर्ष पदका लागि चार उम्मेदवारहरू लिबरल डेमोक्रेटिक पार्टीका लियोनिद स्लुत्स्की, रुसी कम्युनिस्ट पार्टीका निकोलाई खारितोनोभ, न्यू पिपुल पार्टीका भ्लादिस्लाव दाभान्कोभ र वर्तमान राष्ट्रपति र स्वतन्त्र उम्मेदवार भ्लादिमिर पुटिन प्रतिस्पर्धा गर्ने छन् ।

रुसले मार्च १५ देखि १७ सम्म स्थानीय समयअनुसार बिहान आठ बजेदेखि बेलुका आठ बजेसम्म मतदान गर्ने व्यवस्थासहित ९० हजारभन्दा बढी मतदान केन्द्र स्थापना गरेको छ । रुसको विशाल क्षेत्रमध्ये, सुदूर पूर्वी क्षेत्रमा अवस्थित कामचटका र चुकोटका मतदान सुरु गर्ने पहिलो क्षेत्रहरू हुन् । रुसको पश्चिमी छेउमा अवस्थित कालिनिनग्रादमा मतदान केन्द्रहरू मतदानका लागि अन्तिम हुने स्रोतले बताएको छ ।

रुसी केन्द्रीय निर्वाचन आयोगले जारी गरेको तथ्याङ्कअनुसार विदेशमा बसोबास गर्ने १८ लाखभन्दा बढी नागरिकसहित करिब ११ करोड रुसी नागरिक मतदानका लागि योग्य रहेका छन् ।

रुसी संविधानअनुसार राष्ट्रपतीय निर्वाचनमा ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार विजयी हुनेछ । दुईभन्दा बढी उम्मेदवार भएकाले पहिलो चरणको निर्वाचनबाट कसैले पनि ५० प्रतिशत मत प्राप्त गर्ने सम्भावना न्यून छ ।

केन्द्रीय निर्वाचन आयोगले शीर्ष दुई दावेदारका लागि दोस्रो चरणको मतदानको घोषणा गर्नेछ । दोस्रो चरणमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

रुसी केन्द्रीय निर्वाचन आयोगले मार्च २८ का दिनसम्ममा निर्वाचन परिणामको पुष्टि गर्नेछ र नतिजा पुष्टि भएको तीन दिनभित्र मत परिणामको औपचारिक घोषणा गर्नेछ ।

## विश्व सङ्क्षेप

### मध्य भियतनाममा विषाक्त खाना खाएका कारण करिब २०० जना अस्पताल भर्ना

हनोई, भयितनाम, १५ मार्च (एएफपी) । भियतनामको खान्ह होआ प्रान्तको केन्द्रीय सहर न्हा ट्राङको एक होटलमा खाना खाएपछि बिरामी परेको आशङ्कामा कम्तीमा १९५ जनालाई अस्पताल भर्ना गरिएको स्थानीय सञ्चारमाध्यमले शुक्रबार जनाएका छन् ।

तीमध्ये केहीको १२ वटा स्थानीय अस्पताल र मेडिकल सेन्टरमा उपचार भइरहेको छ भने केहीलाई घरमै उपचारको लागि औषधि दिइएको भियतनाम समाचार एजेन्सीले जनाएको छ ।

अधिकारीहरूले बुधबार राति पर्यटक र स्थानीयसहित पहिले अस्पताल पुगेका ६० जना विषाक्त खानाका कारण बिरामी परेको पुष्टि भएको जनाएका छन् ।

भिएनएक्सप्रेसका अनुसार उनीहरू सबैले यसअघि मध्य तटीय सहरको ट्राम आन्हस्थित एक रेस्टुराँमा कुखुराको मासु र खाना खाएका थिए । न्हा ट्राङ स्वास्थ्य विभागका अनुसार बिहीबार दिउँसो थप सङ्क्रमित भेटिएका छन् ।

अनुसन्धानका लागि बिक्री सम्झौता र खाद्य सामग्रीसँग सम्बन्धित अन्य कागजात पेस गर्न भनेको तर सञ्चालकले कागजात पेश नगरेकोले रेस्टुराँलाई अर्को सूचना नभएसम्मका लागि सेवा बन्द गर्न निर्देशन दिइएको स्वास्थ्य मन्त्रालयको खाद्य सुरक्षा विभागले शुक्रबार जानकारी गराएको छ ।

### आठ आप्रवासीको डुबेर मृत्यु

इस्तानबुल, १५ मार्च (एएफपी) । टर्कीको समुद्री किनारामा डुङ्गा पल्टिँदा कम्तीमा आठ आप्रवासीको डुबेर मृत्यु भएको छ ।

स्थानीय गभर्नरको कार्यालयले शुक्रबार दिएको जानकारीअनुसार डुङ्गा दुर्घटनामा परेका कूल १२ जनामध्ये आठ आप्रबासीको डुबेर मृत्यु भएको थियो भने बाँकी चार जनाको सकुशल उद्धार भएको छ ।

दुर्घटनामा ज्यान गुमाएका व्यक्तिको राष्ट्रियता भने खुल्न सकेको छैन । टर्कीको उत्तरपश्चिमी प्रान्त क्यानाक्केलेको तटमा रहेको गोक्सिडा वा इम्ब्रोस भनिने टापुमा डुङ्गा पल्टिएको हो ।

अधिकारीहरूले खोजी तथा उद्धार कार्य जारी रहेको बताएका छन् ।

टर्कीले अधिकांश सिरियालीसहित करिब ४० लाख शरणार्थीलाई आश्रय दिइरहेको छ । अङ्काराले सन् २०१६ मा युरोपेली सङ्घसँग आर्थिक सहायतालगायत विभिन्न प्रोत्साहनको बदलामा शरणार्थीहरूको आगमन रोक्न सम्झौता गरेको थियो ।

### दक्षिणपूर्वी गाजामा इजरायली आक्रमण हुँदा २१ जनाको मृत्यु

गाजा, १५ मार्च (सिन्ह्वा) । गाजा सहरमा सहायताको प्रतीक्षामा रहेका विस्थापित प्यालेस्टिनी भेला भएको स्थानमा इजरायलले गरेको आक्रमणमा कम्तिमा २१ प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । उक्त घटनामा १५० जना घाइते भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

प्यालेस्टिनीहरूको एउटा समूह सहयोग प्राप्त गर्न भेला भएको स्थानमा हेलिकप्टरबाट मेसिन गनद्वारा आक्रमण भएको स्थानीयले बताएका छन् । घटनास्थलको अवस्था चुनौतीपूर्ण भए पनि मृतकलाई उद्धार गर्ने र घाइतेलाई निकाल्ने प्रयास जारी रहेको विज्ञप्तिमा उल्लेख छ ।

घाइतेमध्ये केही गम्भीर अवस्थामा रहेका कारण मृतकको सङ्ख्या थप बढ्ने अनुमान गरिएको छ । इजरायली प्रतिरक्षा बल (आईडीएफ) ले शुक्रबार दक्षिणी गाजामा प्यालेस्टिनीहरूलाई लक्षित गरी आफ्नो सेनाले सशस्त्र कारबाही गरेको भन्ने समाचारको खण्डन गरेको छ ।

उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर विक्रि वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कथा

# त्यो दिन सम्झिँदा

✍ प्रेम. के. निडर

सानु दाइको घरमा व्रतबन्धको कार्यक्रम थियो। उसका दाजुभाइ, आफन्त र नातेदारहरू बिहानैदेखि आएर आवश्यक साथ सहयोग गर्दै थिए। त्यहाँ आएका कोही पनि चुप लागेर बसेका देखिँदैथे। कोही काउली काट्दै थिए भने कोही प्याज काट्दै थिए, कोही गोलभेँडा र तरकारी काट्दै थिए। त्यतिबेलै जुलुसको नाराले त्यहाँ काम गरिरहेका सबैको कान ठाडो भयो। कोही एकचोटि हेरेर आउँछु भन्दै निस्के भने राजनीति मन नपरेका अर्धबैंसे र बुढापाकाहरू आज जुलुसमा नजानु भनेको छ है भन्दै काममा नै व्यस्त रहे।

जनआन्दोलन समितिले आजको नेपाल बन्द सफल पार्न अनुरोध गर्दै हिजो बेलुका मसाल जुलुस गर्ने कार्यक्रम राखेको थियो। छड्के मसाल जुलुस गरिएको थियो। आन्दोलनलाई दबाउन उपत्यकाको ठाउँठाउँमा हिजोदेखि नै सशस्त्र पुलिसहरू तैनाथ गरेको देखिन्थ्यो भने पञ्चायती व्यवस्थाका मतियारहरू र मण्डलेहरू स्थानीय बासिन्दाहरूलाई आन्दोलनमा नलाग्न अनुरोध गर्दै विभिन्न डरत्रास देखाइरहेका थिए। तर पनि निरङ्कुशताविरुद्ध आज भएको भदौंको भेलसरि निस्केको जुलुस देख्दा सबै अचम्मित भए। व्यवस्थाको विरुद्ध यस ठाउँमा यति ठूलो जुलुस निस्केको सायद पहिलो नै होला। जुलुसलाई रोक्न खोज्ने जो कोहीलाई पनि भेलले बगाउला जस्तो न त कसैमा जेलनेलको डर, न त लाठी गोलीको डर थियो। जनआन्दोलनको दोस्रो दिन पहिलो नेपाल बन्दकै दिनमा भक्तपुरका चार जना युवाहरूको ज्यान लिएको र ३०, ४० जना योद्धाहरू घाइते बनाएको घटनाको बदला लिनेजस्तो देखिएको जुलुस 'प्रजातन्त्र पुनर्बहाली गर, निरङ्कुश पञ्चायती व्यवस्था मुर्दावाद, बहुदलीय व्यवस्था जिन्दावाद' भन्दै अगाडि बढेको थियो।

जोस जाँगर देखाएर आकाश थर्किने गरी नारा लगाउँदै अगाडि बढेको जुलुसमा सामेल भएका मानिसहरूमा राजनीतिक र मौलिक हक अधिकारको लागि मात्र नभई शोषण, अन्याय र अत्याचारबाट मुक्त हुन र आफ्नो जीवनमा पाएको दुःखकष्टबाट मुक्त हुन पनि जुलुसमा सामेल भएर एकता देखाएको प्रष्ट देखिन्थ्यो। समानता र समाजवादको लागि लागिपरेका भक्त, साइला दाइ, मनोज र अरु थुप्रै कार्यकर्ताहरू जुलुसको अग्रपङ्क्तिमा थिए। उनीहरू पहिलेदेखि जनताको सुख दुःखमा साथ दिँदै आएका राजनैतिक कार्यकर्ताहरू थिए। व्यवस्थाको विरुद्ध लागेको भन्दै उनीहरू पटकपटक शान्ति सुरक्षाअन्तर्गत जेलमा पनि परिसकेका थिए। जेल एउटा तिनीहरूको लागि राजनीतिक पाठशालाजस्तै भएको थियो।

जुलुस चर्को नारासहित अगाडि बढ्दै थियो। भक्तले एकचोटि जुलुसको पछाडि हेरे। जुलुस हजारौँमा परिणत भइसकेको थियो। के युवा, के प्रौढ, महिला दिदीबहिनीहरूको समेत अकल्पनीय सहभागिता देख्दा उनी खुसी भए। उनले चाँडै नै निरङ्कुश व्यवस्था अन्त हुने कल्पना गरे।

परिवर्तनको चाहना र निरङ्कुश तानाशाही व्यवस्था फालेरै पठाउनमा आतुर देखिएको जुलुस बजारको चोकमा पुगेपछि पन्ध्र बीस जना सशस्त्र प्रहरीले रोक्न खोजे। त्यहाँ एक किसिमको घम्साघम्सी भयो। प्रहरीहरूको लाठी प्रहारबाट धेरै आन्दोलनकारीहरू घाइते भए भने कहिले प्रहरीले लखेट्ने त कहिले ढुङ्गामुढा हानाहान गर्दै आन्दोलनकारीहरूले प्रहरीहरूलाई लखेटने भई युद्ध मैदान बनेको यस स्थानमा आन्दोलनकारीहरूको तर्फबाट दिएको जवाफी प्रतिकारबाट प्रहरीहरू धेरै घाइते भए। आफ्ना धेरै प्रहरीहरू घाइते भएपछि आक्रामक बनेका प्रहरीले पेल्दै गर्दा भाग्न नसकेका आन्दोलनकारीहरूलाई प्रहरीले समात्दै लाठी र लात्ताले बजार्दै पुलिस भ्यानमा लग्दै कोच्ने काम पनि भइरह्यो। तर पनि समातेका साथीहरू आन्दोलनमा सहभागी साथीहरूलाई नडराउन ढाडस दिँदै भन्दै थिए, "साथीहरू नडराउनुस्। जबसम्म यो तानाशाही व्यवस्था ढल्दैन, हाम्रो आन्दोलन जारी रहन्छ।"

आन्दोलित भिडलाई तह लगाउन थप दुई तीन ट्रक सशस्त्र प्रहरी आएपछि अवस्था झन् आतङ्कित बन्यो। पेलेरै जाने नियतले आक्रोशित बनेका सशस्त्रका प्रहरीहरूको आतङ्क देखेर प्रदर्शनकारीहरू कोही कता भागे, कोही कता भागे। बोडेको चोकबाट पुरानो बस्तीतिर बढी भागेको देखेपछि सशस्त्र फौजका मानिसहरू घाइते बाघझैँ उतैतिर लखेट्दै गए। को आन्दोलनकारी, को बाटोमा हिँडेका बटुवा, को खेतमा जान लागेका किसानहरू र घाम तापेर बसेका बिरामीहरू तास खेलिरहेका मानिसहरू, गाई गोठमा पराल हाल्दै बसेका मान्छेहरूलाई समेत देख्न नहुने भयो। मौरीका चाकामा मौरीहरू झुमेझैँ सशस्त्रका प्रहरीहरू तिनीहरूको वरिपरि बसेर चुट्न थाले। मानौँ, सबै वैरी हुन्, आन्दोलनकारीहरू हुन्।

बोडेको पुरानो बस्ती एकैछिन पूरै कर्फ्यु लगाए जतिकै चारैतिर सशस्त्र फौजले घेरेर आतङ्कित पाऱ्यो। यो ठाउँ भ्रष्टाचारविरोधी आन्दोलन, बाली काट्ने आन्दोलन, मोहियानी हक आन्दोलन, भर्पाई आन्दोलन गरेर तानाशाही व्यवस्थाका मतियारहरूको निदहराम गर्ने ठाउँ भएकोले तानाशाहीहरूको लागि आँखाको धुलो नै थियो पहिलेदेखि। सशस्त्र प्रहरीहरूको फौजले आज पनि पूरै बोडे घेरेर नेताहरूको खोजीको नाममा घरघरमा खानतलासी गर्ने, कुटपिट गरी दुःख दिने काम गरेर २०४५ भदौ ९ गतेलाई संस्मरण गराए। सशस्त्र प्रहरी फौजको आतङ्कबाट एकैछिन उदेगलाग्दो मसानघाटजस्तै सुनसान बन्यो। मानिसहरू कोही कता लुके, कोही कता भागे, कोही घर छोडी छिमेकी गाउँमा शरण लिए। महिलाहरू ज्यानको माया मारेर घरभित्र लुके, झ्यालमा समेत हेर्न सकेनन्। हिजो अस्ति बर्दीमा आएका पुलिसहरू देख्यो कि भुक्ने कुकुरहरू आज भुक्न छोडे। घरको झ्यालमा बसेर रमाउन चाहने बच्चाहरूलाई समेत बस्न दिएनन्। झ्यालमा कोही देखे बन्दुक तेर्स्याउँदै भन्दै थियो, झ्याल बन्द गर्ने कि गोली चलाऔं ?

आन्दोलन सुरु भएदेखि केही मण्डले गुण्डाहरू फूर्ति गरेर टोलटोलमा आएर मान्छेलाई भड्काउँदै हिँड्ने गरेका थिए। आज पनि एकजना मण्डले गुण्डा जुलुस गइसकेपछि आफ्नै टोलका मानिसहरू जम्मा गर्दै जुलुसबारे विभिन्न नराम्रो टिप्पणी गर्दै थिए, गाली गर्दै थिए। बहुला कुकुरझैं जसलाई देख्यो उसलाई पिट्दै लखेट्दै आएका सशस्त्र पुलिसहरूले गफ गर्दै बसेका ती मानिसहरू देखेपछि दौडेर आई सबैभन्दा पहिला त्यस मण्डले नेतालाई समात्दै लाठीले बजार्न थाले र "नेता भएर भाषण गरिरहेका होला नि !" भन्दै नराम्ररी गाली गरे। मण्डले नेता पनि बिन्ती गर्दै अनुरोध गर्दै थिए, "म पञ्चायत व्यवस्थाकै समर्थक हुँ। म मण्डले नेता हुँ, म आन्दोलनकारी होइन। बिन्ती मलाई छोडनुस्।" भन्दा पनि पुलिसहरूले उसको कुरा सुन्न चाहेन र कठालो समातेर लाठीले बजार्दै पुलिस भ्यानतिर लगे।

फागुन महिना धेरै विवाह र व्रतबन्ध हुने समय हो। फागुन महिना भए पनि आज सानु दाइको छोराको व्रतबन्ध कार्यक्रमबाहेक अर्को विवाह व्रतबन्ध कार्यक्रम कसैको देखिएन। बाजागाजाका साथ गाउँ परिक्रमा गर्दै आएका सानुदाइको व्रतबन्ध कार्यक्रममा सहभागी भएका मानिसहरू जुलुसका मान्छेहरू भन्दै आएको देखेपछि बुढापाकाहरूबाहेक युवाहरू सबै भागे। भागेकाहरूमा लुकेर बसेका राम र शरण दुई जना पक्राउमा परे। जो जो पक्राउ परे उनीहरू सशस्त्र फौजका पुलिसहरूको रिस पोख्ने साधन बनिरहेका थिए। राम र शरणले पनि नराम्रो पिटाइ खाए। हिँड्न पनि सकेनन्। तैपनि, लातका लात दिँदै कठालो समातेर ल्याउँदै उनी पुलिस भ्यानमा कोचिए।

जुलुसलाई नेतृत्व गर्दै आउनेमा भक्त पनि एक थिए। जुलुस भिडन्तमा परिणत भए पनि कार्यक्रम सफल पार्न उनी ज्यानै फालेर लागेका थिए। सशस्त्र फौजका पुलिसहरूले बोडेको चारैतिर घेरेर आक्रमण तीव्र बनाउन थालेपछि ज्यान जोगाउन भाग्दै आएर घरभित्र पसे। तर, उसलाई पछ्याउँदै आएका पुलिसहरूको नजरबाट उनी टाढा हुन सकेनन्। पुलिसहरू भक्तको घरको ढोका फोडेर नै जान खोजे। सशस्त्र पुलिसहरूले ढोका फोड्न लागेको देखेर भक्तको आमा ढोकामा आएर रोक्दै भनिन्, "मेरो घरको ढोका फोड्ने आदेश कसले दियो तिमीहरूलाई ? के कारण छ मेरो घरमा आउन ? मेरो घरमा आउने अधिकार छैन तिमीहरूलाई। "

आक्रोशित पुलिसहरूलाई आगोमा घिउ थपेजस्तै भयो। उनीहरूले बुढी मान्छे पनि भन्न छोडेनन्, "अधिकारको कुरा नगर बुढी। छोड !" भन्दै धकेलेर लडाइदिए। घरभित्र पसेका सशस्त्र फौजका दुईजना पुलिसले घरमा खानतलासी सुरु गरे। अन्नहरू पोख्ने, सामानहरू भताङभुताङ पार्दै भक्तलाई खोज्न थाले। सुतिरहेको ज्ञाने देखेपछि आक्रोशित हुँदै ज्ञानेको कठालो समातेर लात्ती दिँदै उठाउन खोजे र भने, "तँ नै होइन भागेर आउने। हिँड। अब थाहा हुन्छ तिमीहरूले चाहेको परिवर्तन के हो ?"

ज्ञाने ज्वरो आएर सुतिरहेका थिए। उसलाई आज जुलुस हुने थाहा थियो, तर जुलुस भयो भएन थाहा थिएन। आफ्नै अगाडि पुलिसहरू आई आतङ्क मच्चाउन लागेको देख्दा थाहा भयो आज नराम्रो घटना घटेको छ। पुलिसहरूको लाठी र लात्ताले उसको ज्वरो भागिसकेको थियो। पुलिसहरूको यस गतिविधिले उसलाई रिस पनि उठिरहेको थियो। तर, पनि आक्रोशलाई नियन्त्रण गरेर बोल्यो, "म ज्वरो आएर सुतिरहेको हुँ। मलाई आन्दोलनबारे केही थाहा छैन र हामी त्यस्तोमा लाग्ने मानिस पनि होइनौं।"

"बढी नबोल। हामीलाई सबै थाहा छ। उठ चाँडै," भन्दै एकजना पुलिसले ज्ञानेलाई उठाउन पाखुरा समात्दै बलजफ्ती गऱ्यो। ज्ञाने उठ्न नमानेपछि अर्कोले लात्ती दिँदै धम्की दियो, "तिमीलाई यही ठीक पारौँ कि सजिलैसित जाने ?"

आफ्नो बिरामी दाइलाई यातना दिएर लान लागेको देखेपछि भागेर कोठाभित्र लुकेका भक्तलाई असह्य भयो र ढोका खोली बाहिर आएर भने, "बिरामी मान्छे भन्दाभन्दै त्यसरी लछारपछार गर्नु तिमीहरूको धर्म त्यही हो ? अलिकति पनि दयामाया पनि छैन तिमीहरूमा ? कि तिमीहरूलाई यस्तै सिकाउने गर्दछ ?"

एकजना पुलिसलाई आफैँले देखेजस्तो गरेर भने, "जुलुसबाट भागेर आउने त यो हो। त्यो होइन। यसैलाई ठीक पार्नुपर्छ।" भन्दै अगाडि बढेर एक लात्ती दिए। ढोका छेउमा उभेका भक्त त्यस पुलिसको लात्तीले ढल्न खोज्यो। अडेस लिन नसकेको भए लड्ने थिए। बिरामी ज्ञानेलाई कुटन छोडेर दुवैजना पुलिस भक्तलाई रिस पोख्दै एकपछि अर्कोले लात्ती बर्साउन थाले। भक्तलाई गरेको अत्याचार सहन नसकेर बिरामी ज्ञाने आफ्नो भाइलाई सकी नसकी बचाउन खोजे। घरको दोस्रो तला चारजनाको युद्ध मैदान बन्यो। बिरामी ज्ञाने पुलिसको एक धक्कामै लडेर भित्तामा ठोक्न पुगे।

भक्तकी आमा बाहिर ढोकामा बसेर, "गुहार गुहार, मान्छे मार्न लाग्यो" भन्दै कराउन लागे। डरले लुकेर बसेका मान्छेहरूले कहाँ सुन्थ्यो ? आगोमा को होमिन चाहन्थे ? कोही आएनन्। आक्रोशित पुलिसहरूले भक्तलाई लात्तीका लात्ती दिएर भऱ्याङबाट तल खसाले। भक्तको टाउको फुट्यो। रगत बग्न थाल्यो। उसको हात भाँच्यो। उनी अर्धचेतन अवस्थामा पुगे।

भक्तको 'ऐय्या !' भन्ने शब्द सुनेर दौडेर आएकी आमाले भक्तको अवस्था देखेर जोड जोडले रुँदै कराउँदै भने, "अति भो राक्षसहरू। मान्छे मारेर तिमीहरूलाई शान्ति मिल्छ भने मलाई मार। गोली हान। म मर्न तयार छु। मार मलाई हिम्मत छ भने।"

आक्रोशित पुलिसहरूले न भक्तको आमाको आवाज सुन्न कोसिस गरे न त भक्तको टाउकोबाट बगिरहेको रगत र भाँचेको हाततिर ध्यान दिए। दुवैजनाले भक्तको पाखुरा समात्दै जबरजस्त पुलिस भ्यानतिर लिएर जान थाले। पुलिसहरूको लछारपछार र लात्तीका लात्ती दिँदै छोरालाई लगेको देख्न नसकेर भक्तकी आमा रुँदै सराप्दै भनिन्, "तिमीहरूको सत्यानास होस्। तिमीहरूको आमाले पनि यस्तै दुःख पाएको देख्न, सुन्न पाओस्। तिमीहरूको तानाशाही व्यवस्था पनि धेरै दिन देख्न नपरोस्।"

पुलिस दमन सँगसँगै जनताको प्रतिरोध पनि बढ्दै गयो। अन्ततः तानाशाहीहरूले घुँडा टेक्नैपर्यो। गहभरि आँसु राख्दै छोराको अवस्था बुझेर आएकी भक्तकी आमालाई सरला दिदीले खुसी हुँदै बहुदल घोषणा भएको घटना सुनाउँदै भनिन्, "आमा ! तपाईंको सराप लाग्यो, ती अत्याचारीहरूलाई। तपाईंले धेरै दिन देख्न नपरोस् तानाशाही व्यवस्थाको भनेको थियो, आज घोषणा भयो, तानाशाही व्यवस्था अन्त भएको। अब एक दुई दिनमै भक्त पनि छुट्नेछ।"

बहुदल आयो र भक्त चाँडै छुट्दै छ भनेको सुनेपछि आमा आश्चर्यका साथ खुसी हुँदै भनिन्, "हो र सरला ? राम्रो भयो। मलाई त्यो दिन र २०४५ भदौ ९ को दिन सम्झिँदा अहिले पनि आङ जिरिङ्ग हुन्छ। चाँडै अत्याचारीहरूको अन्त होस् र नयाँ नेपाल देख्न पाओस् भनेका थिए र अत्याचारीहरूको व्यवस्था अन्त भयो होइन ?"

सरलाको पनि त्यही चाहना छ। उनले पनि आफ्नो भावना आमासमक्ष राखिन्, "हो आमा। अत्याचारीहरूको व्यवस्था अन्त भयो। अब हाम्रो चाहनाको नयाँ नेपालको सपना पूरा हुन्छ आमा।"

---

कविता

## हामी नेपाली

✍ इकुश्रे

*संयोगले बाँचेर*
*'भिक्टोरिया क्रस' पाउने हामी नेपाली*
*मलाया र सिङ्गापुरमा गई*
*लडन रमाउने हामी नेपाली*
*हङकङ अनि ब्रुनाई*
*अन्यत्र नभए भारतमै गई*
*'आसाम राइफल' मा कवाज खेल्ने हामी नेपाली*
*पाकिस्तानको लाहोरसम्म पुगी*
*'लाहुरे' नाम कमाउने हामी नेपाली !*

*अझै पनि-*
*'गोर्खाली' बाट चिनिने हामी नेपाली*
*'बहादुर' र 'कान्छा' बनी*
*काम सघाउने हामी नेपाली*
*कहिले मलायाको मायामा*
*कहिले सिङ्गापुरको सानमा*
*गर्व गर्ने हामी नेपाली !*

*कोरियाको खोरियामा पसिना बगाउने*
*अमेजनको जङ्गलमा हराउने*
*अनेकौँ देशमा हन्डर खाँदै*
*मेक्सिकोको पर्खाल नाघ्ने हामी नेपाली*
*संसारका कुनाकुनामा दुःख पाउँदै*
*कठोर यात्रा तय गर्ने*
*रुस-युक्रेन युद्धमा जानीजानी*
*मर्न जाने हामी नेपाली !*

*स्वदेशमा पनि*
*परिवर्तनको लागि आदेश पालना गरेर मरिदिने*
*उनीहरूका खुसीमा*
*ताली बजाएर खुसी व्यक्त गरिदिने*
*सयौँ बदमासी बिर्सेर*
*स्वागतका लागि माला गाँसिदिने*
*उनीहरूको विलासी जीवनमा हाँसिदिने*
*बोल्दा बोल्दा पाकेका*
*सहँदा सहँदा थाकेका*
*बडाहरूका लागि भण्डार छोडिदिएर*
*चुपचाप बाटो लागेका*
*हामी साच्चै ज्ञानी नेपाली !*

## सडक पेटीमा गुञ्जिरहेको आवाज !

✍ न्हुछेरत्न बुद्धाचार्य

भोकको वेदनाको आवाज,
यो अँध्यारो सडकमा गुञ्जिरहेका छन्।
न गाँसको पबन्ध, न बाँसको ठेगाना,
पेटीजस्तै सधैँ असङ्ख्य पाउमुनि कुल्चिएका छन्।

यो अत्यासलाग्दो पथमा
उदास, उजाड फुटपाथमा सुतेका छन्।
झुत्रो बोरा र पुराना अखबार ओढेर
अखबार जसको छातीमा छापिएको छ
ठूलठूला अक्षरमा 'बालदिवस' मा मिठाइ पुरस्कार वितरण
अनि चलमलाउँछ प्रत्येक पीडाको
बेहोसीबाट बिउँझेका भोलिका सपनाहरू
यी घाउघाउबाट उठेका
वेदनाहरूको अभियानले
उत्पीडनका आवाजहरू उठिरहेका छन्
यो अभावै अभावले घेरिएको बस्तीमा
मरी मरी बाँचिरहेका
यो पवित्र भूमिका पुत्रपुत्रीहरू
यो भोकमा डुबेको आँगनमा
आशाको दियो बालेर
यो जनयुगका निमुखाहरूको एकताले
युगान्तकारी परिवर्तनको ज्वाला देखापर्छ
यो अँध्यारो पथलाई उज्यालो पारेर
भोलिको नवयुगको सन्देश लिएर आउने
उदाउँदो सूर्यलाई पर्खिरहेका छन् यो आकाश, यो धर्तीमा।

कविता

## आन्दोलन

✍ अशोक कुमार

पहिलो आन्दोलन
सायद बीउले गऱ्यो होला
माटोको विरुद्ध
र फुटेर निस्के होला
बिरुवा बनेर।
वा फेरि शिशुले
कोखभित्र गऱ्यो होला
जन्म लिनका लागि
हरेकचोटि -
आन्दोलनकारीले प्रेम नै मिल्यो
माटोबाट पनि
वा आमाबाट पनि।
किनकि
आमाहरूलाई थाहा थियो कि
आन्दोलनबिनाको
सृजना सम्भव छैन।

कविता

## भक्तपुर

✍ साहिला

देशभक्तहरूको यो ठाउँ भक्तपुर
चाँगुनारायण, नगरकोट, सूर्यविनायक
हरियाली सुन्दर डाँडा कति राम्रो
चहलपहल प्रकृतिको अतिमनमोहक ॥
रम्छन्, गम्छन् स्वदेशी विदेशी पाहुना
मोबाइल, क्यामेरामा तस्बिर कैद गर्दै
ठेलमठेल गर्दैछन् अहो 'कति हेर'
ढ्तापोल, भैरव मन्दिर हेर्ने चाहना ॥

# अन्तरनगर महिला कबड्डी खेलमा बुटवल उपमहानगरपालिका र मेलौली नगरपालिका फाइनलमा भिड्दै

भक्तपुर, २ चैत । भक्तपुर नपाको आयोजनामा फागुन २९ गतेबाट सुरु भएको महिला कबड्डी प्रतियोगिताअन्तर्गत शुक्रबार बुटवल उपमहानगरपालिका र पोखरा महानगरपालिकाबिच सेमिफाइनल खेलमा बुटवलले पोखरालाई ४३-२५ अङ्कले पराजित गरेको छ । सो खेलमा बुटवलका सृजना थारु म्यान अफ द म्याच घोषित भएका छन् ।

त्यस्तै तीव्र प्रतिस्पर्धाबिच भीमदत्त नपा र मेलौली नपाविचको सेमिफाइनलको खेलमा मेलौलीले भीमदत्तलाई ३७-३१ अङ्कले पराजित गरेको छ । उक्त खेलमा मेलौलीका रविना चौधरी म्यान अफ द म्याच घोषित भएका छन् ।

बुटवल उपमहानगरपालिका र मेलौली नगरपालिका फाइनल खेल शनिबार बिहान ८ बजे सहिद स्मृति खेल मैदानमा हुने भएको छ भने पुरस्कार वितरण एवम् समापन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा हुने भएको छ ।

# भर्ना अभियान सुरु हुनअगावै पाठ्यपुस्तक पुर्‍याउने तयारी

भक्तपुर, २ चैत । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले नयाँ शैक्षिक सत्र २०८१ सुरु हुनअगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्‍याउने भएको छ । यसका लागि केन्द्रले यही चैत १५ गतेभित्र पाठ्यपुस्तक छपाइ सम्पन्न गरेर उपत्यकाबाहेक सातवटै प्रदेशमा रहेका केन्द्रको नौवटा वितरण केन्द्रबाट चैत १६ गतेदेखि पुस्तक वितरण सुरु गर्ने भएको छ ।

केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले भन्नुभयो, “हामीले जिम्मेवारी पाएको कक्षा ५ देखि १० सम्मका सम्पूर्ण सेटमै ९५ प्रतिशत पाठ्यपुस्तक छपाइ सकेका छौँ, गत चैत १५ गतेभित्र बाँकी पाँच प्रतिशत पुस्तक पनि छपाइ सक्छौँ, चैत १५ गतेदेखि नै पुस्तक वितरण सुरु गर्नेछौँ, शैक्षिक सत्र सुरु हुँदासम्म पूरै सेटमा सबै कक्षाका विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्‍याउँछौँ ।”

केन्द्रले अहिले २४ सैँ घन्टा छापाखाना सञ्चालन गरेर दैनिक एक लाख थान पुस्तक छपाइ गरिरहेको छ । आउँदो शैक्षिक सत्रका लागि केन्द्रले एक करोड ७५ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा एक करोड ५७ लाख थान पाठ्यपुस्तक छपाइ सकेको र बाँकी १८ लाख थान पुस्तक १४ दिनभित्रमा छपाइ सम्पन्न गरेर वितरण गर्न सुरु गर्ने प्रबन्ध निर्देशक झाले बताउनुभयो ।

उहाँले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखेको र पुस्तक छपाइको काम दुई सिफ्टमा सातै दिन, २४ सैँ घन्टा चलिरहेको जानकारी दिनुभयो । पुस्तक वितरण भने पहिलो प्राथमिकता हिमाली क्षेत्र, दोस्रोमा पहाडी क्षेत्र र तेस्रोमा तराईमा र अन्तमा उपत्यकामा गरिने भएको छ ।

केन्द्रबाहेक उपत्यका बाहिरका नौवटा प्रादेशिक कार्यालय एवं वितरण केन्द्रबाट बिहानदेखि बेलुकासम्म पुस्तक वितरण गरिने प्रबन्ध निर्देशक झाले बताउनुभयो । छपाइ सकिएका पुस्तक सातैवटै प्रदेशका केन्द्रका प्रादेशिक कार्यालयको गोदाममा पुर्‍याउने काम भइरहेको छ । उहाँले यस वर्षको भर्ना अभियान सुरु हुन अगाडि नै विद्यालयमा पाठ्यपुस्तक पुर्‍याउन सक्ने बताउनुभयो । प्रबन्ध निर्देशक झाले भन्नुभयो, “गत वर्षजस्तै यस वर्ष पनि कुनै पनि कक्षाको कुनै पनि विषयको पुस्तक अभाव हुन नदिने र गत वर्षजस्तै सेटमै पुस्तक उपलब्ध गराउने छौँ, कुनै पनि पुस्तक यस वर्ष पनि अभाव हुँदैन ।”

केन्द्रले आउँदो शैक्षिक सत्रका लागि ५ देखि १२ कक्षासम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको थियो । चालु शैक्षिक सत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिक सत्र सुरु हुनेबित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुर्‍याउन सफल भएपछि यस वर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको थियो ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भने कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भएपनि कक्षा ५ देखिको जिम्मेवारी पाएको बताउनुभयो । आगामी वर्षदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएपनि केन्द्रले फागुनभित्रै पुस्तक पछाइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्नसक्ने दाबी उहाँले गर्नुभयो । सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा १ देखि ४ सम्मको मात्रै दिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले कार्तिकमै शिक्षा मन्त्रालयमा पत्राचार गर्दै पुस्तक छपाइबारे छिटो निर्णय गर्न पत्रचार गरेको भए पनि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको गत मङ्सिर १२ मा केन्द्रमै बसेको बेठकमा प्रबन्धक निर्देशक झाले सरकारले यसबारेमा चाँडै निर्णय गरी १ देखि १२ सम्मको आवश्यक पर्ने पुस्तक छपाइको जिम्मेवारी केन्द्रलाई दिन माग गर्नुभएको थियो । केन्द्रले जिम्मेवारी पाउने आशामा कक्षा ३ कक्षा केही किताब छपाइसमेत गरिसकेका थियो । ***रासस***

***नेकाले..***

लामिछानेको प्रस्ताव कार्यसूचीबाट हटाउनुपर्नेमा जोड दिनुभयो ।

नेकाले बैठक अवरोध गरेपछि बैठक अपरान्ह २:१२ बजेर १५ मिनेटको लागि स्थगित भयो ।

१५ मिनेटको लागि स्थगित भएको बैठक २ घण्टा पछाडि सुरु भयो । सभामुख घिमिरेले गृहमन्त्री लामिछानेलाई प्रस्ताव पेस गर्न समय दिनुभयो । नेकाका सांसदहरू सभामुखको अगाडि पुगेर सहकारी पीडितलाई न्याय र गृहमन्त्री लामिछाने राजीनामा दे नारा लगाउनुभयो ।

गृहमन्त्री लामिछाने आफ्नो स्थानमा उभिएर बस्नुभयो ।

सभामुख घिमिरेले बैठक चैत ४ गते बिहान ११ बजेको लागि स्थगित गर्नुभयो ।

***समाज...***

उहाँले शिक्षक-कर्मचारीले पनि देशको हितमा राजनीति गर्न पाउनुपर्ने धारणा नेमकिपाको रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङले व्यक्तित्व विकासमा समान अवसरको निम्ति हाम्रो सङ्घर्ष निरन्तर रहने बताउनुभयो ।

उहाँले सरकारहरू शिक्षा क्षेत्र ध्वस्त पारी विदेशको लागि सस्तो ज्यामी बनाउन तल्लीन रहेको विचार व्यक्त गर्दै अध्ययन गोष्ठीले व्यक्तित्व विकास, आत्मविश्वास बढ्नुका साथै समाज विकासमा भूमिका खेल्न प्रेरित गर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीलाई देशको लागि आवश्यक विषय अध्ययन गर्न मार्ग निर्देश गर्नुपर्ने बताउनुभयो ।

देशलाई आत्मनिर्भर बनाउन खाद्यान्न उत्पादनमा जोड दिनुपर्ने र मिश्रित बाली प्रणाली अपनाउनुपर्ने भन्दै कोसेबालीले माटोको उर्वराशक्ति बढाउने मलको काम गर्ने हुँदा यस्ता विषयमा जानकार हुनुपर्ने बताउनुभयो ।

भारतबाट आयातीत तरकारी विषादीयुक्त भएकोले देशमै उत्पादन गरे देश राम्रो हुने बताउनुभयो ।


स्वास्थ्यकर्मी रविना सुवालले भक्तपुर नगरपालिकाले कलेज, अस्पताल, शिशुस्याहार केन्द्र, छाती पुन: स्थापना केन्द्रलगायत सञ्चालन गरेको बताउनुभयो ।

उहाँले भनपाले भरदैलो नर्सिङ सेवा प्रदान गरिरहेको र आफ्नो स्वास्थ्यको ख्याल आफैल राख्नुपर्ने बताउनुभयो ।

महिलाहरूमा देखिने स्तन र पाठेघरको मुखको क्यान्सरबारे सचेत भई समय-समयमा स्वास्थ्य परीक्षण गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेक्रामसङ्घका कैलाली अध्यक्ष लक्ष्मी पुनमगरको सभापतित्वमा सम्पन्न अध्ययन गोष्ठीमा नेक्रायुसङ्घका गगन थापामगर, लक्ष्मी प्याकुरेल, कविता आचार्य र हरिकला विष्टलगायतले बोल्नुभएको थियो ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००५

निधन
वि.सं. २०८०/११/२२

नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिका सचिव श्यामकुमार महर्जन, नेपाल क्रान्तिकारी शिक्षक सङ्घ तारकेश्वर नगरसमितिका सदस्य कुमार महर्जनका पूजनीय पिता एवं नेपाल क्रान्तिकारी महिला सङ्घ काठमाडौँ जिल्ला समितिका सदस्य मुना महर्जनका ससुरा बुबा **इन्द्र महर्जन**को असामयिक स्वर्गारोहण भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
काठमाडौँ जिल्ला समिति

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### ऋण व्यवस्थापनसम्बन्धी तालिम हुनेबारे सूचना

भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका ऋण उपसमितिका पदाधिकारीहरूलाई भक्तपुर नगरपालिकाबाट एकदिने ऋण व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्ने भएकोले इच्छुक सहकारी संस्थाबाट एक जना २०८०।१२।१४ गतेभित्र दर्ता शुल्क रु. १००।- भ.न.पा.को कर उपशाखामा रसिद काटी निवेदन भक्तपुर नगरपालिकाको सहकारी शाखामा दर्ता गर्न आउनु हुन अनुरोध गर्दछु । साथै पहिलो समूहमा ३० जनाको मात्र कोटा भएकोले पहिला आउनेलाई प्राथमिकता क्रममा राखिने व्यहोरासमेत अनुरोध गर्दछु ।

**कार्यक्रम**
**तालिम मिति** : २०८० चैत १५ गते
**समय** : बिहान १०:०० बजे
**स्थान** : भ.न.पा.को सभा कक्ष

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### सेवा कामना बहुउद्देश्यीय सहकारी संस्था सार्नेबारे सूचना

वाग्मती प्रदेश सरकारले प्रदेशकै कानुनविपरीत आ.व. २०७७/०७८ र २०७८/०२९मा बहुउद्देश्यीय सहकारी संस्थाहरू दर्ता गरी भक्तपुर नगरपालिकाभित्र साइनबोर्ड राखी सञ्चालनमा रहेकोमा मिति २०७८।६।१४ गतेको भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट नगरपालिकाको सिफारिसबेगर दर्ता भइआएका सहकारीहरूलाई भक्तपुर नगरभित्र सञ्चालन गर्न नदिने भनी निर्णय भएबमोजिम मिति २०७८ कार्तिक ७ र ८ गते, मिति२०७९।८।२७ र २८ गते र मिति २०७९ माघ २४ र २७, फागुन २ र ५ गते ‘मजदुर’ दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत गैरकानुनी रूपमा सञ्चालित सहकारी संस्थाहरूमध्ये भक्तपुर नगरपालिका वडा नं. १० कमलविनायकस्थित सेवा कामना बहुउद्देश्यीय सहकारी संस्था अझै अटेर गरी नसरी बसेको हुँदा २०८०।११।३० गतेको बैठक निर्णयअनुसार ३५ (पैतीस) दिनभित्र अन्यत्र सार्ने व्यवस्था गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचनालाई बेवास्ता गरी कार्यालय सञ्चालन गरिराखेको पाइएमा कानुनी कारबाही गर्ने व्यहोरासमेत अनुरोध गरिएको छ । साथै यस्ता सहकारीहरूमा रकम जम्मा नगर्नसमेत सर्वसाधारणको जानकारीको लागि अनुरोध गरिएको छ ।

## भक्तपुर बचत तथा ऋण सहारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ०१-६६१४६८६, ९८६०११६४४४

### ऋणीहरूलाई ऋण चुक्ता गर्नेसम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/०३

यस भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.बाट ऋणीले आ-आफ्नो उद्योग/व्यापार/व्यवसाय तथा अन्य कार्य गर्न लिनुभएको ऋण कर्जाको यस संस्थासँग गरेको लिखत तमसुक सम्झौताबमोजिम समय समयमा तिर्न/बुझाउनुपर्ने साँवा/किस्ता/ब्याज/जरिवाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तारताकेता गर्दासमेत कर्जा चुक्ता गर्नेतर्फ चासो नदेखाई बेवास्ता गरी बसेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता गर्न आउनु होला । अन्यथा सहकारी ऐन, नियम, प्रचलित कानुन तथा ऋणी र संस्थाबिच भएको सर्त सम्झौता र संस्थाको नीति नियमबमोजिम कर्जाबापत धितो लेखिदिएको धितो सुरक्षण अचल सम्पत्ति लिलाम बिक्री गरी असुलउपर गरिने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबै ऋणी तथा जमानीहरूलाई जानकारी गराउँदछ । ऋणी तथा जमानीहरूले लेखिदिएको धितोबाट सहकारीको लेना रकम असुलउपर हुन नपुग भएमा ऋणी तथा परिवार र व्यक्तिगत धन जमानी गरिदिने व्यक्तिहरूको घरघरानाका साथै अन्य चल अचल जायजेथाबाट समेत असुलउपर गरिने छ । साथै कर्जाको सुरक्षण बापत अचल सम्पत्ति धितो लेखिदिने तथा धन जमानी लेखिदिने व्यक्तिलाई पनि यसै सूचनालाई दृष्टिगत गरी ऋण रकम चुक्ता गर्न गराउन लगाउनु हुन अनुरोध गरिन्छ । अन्यथा सम्झौताबमोजिम संस्थाले सम्पूर्ण बक्यौता असुल गर्न सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी ऋण असुली गर्ने कानुनी प्रकृया अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गराइन्छ । यो सूचनालाई बेवास्ता गरी सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम बुझाउन सम्पर्कमा नआई, ऋण नबुझाई अत्तेर गरी बसेमा ऋणी तथा जमानीकर्ताहरूको तीनपुस्ते तथा फोटोसहितको सार्वजनिक सूचना प्रकाशित गरिने व्यहोरा सबैमा सूचित गरिन्छ ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद् माननीय श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० फागुन २९ गतेदेखि चैत ३ गतेसम्म सञ्चालन भएको अन्तरनगर महिला कबड्डी प्रतियोगिताको पुरस्कार वितरण एवम् समापन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा सम्पूर्ण विद्यालयहरू, टीम, क्लब, पुस्तकालय, सहकारी, संघ संस्थालगायत खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**
**मिति** : २०८० चैत ३ गते, शनिबार
**समय** : बिहान ८:०० बजे
**स्थान** : सहीद स्मृति खेल मैदान, भ.न.पा २

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा